नजर हमर

राष्ट्रिय दैनिक


# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

● वर्ष १ ● अंक ३५ ● २०७९ साल मंसिर २८ गते बुधवार ● Wednesday 14, Dec. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर



स्थिरता र विकासका लागि
पृष्ठ ६ मा

## मधेशी दलको सत्तास्वार्थले जनमत वैकल्पिक शक्ति

विनय कर्ण
सप्तरी, मंसिर २७ ।



"मधेशवाद के हो ? मलाई थाहा छैन्" केही बर्ष अघि एउटा अन्तरवार्तामा भनेका थिए जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले । त्यस लगत्तै "हामी अव मधेशवादी सधेशवादी होईनौं" नेता राजेन्द्र महतोले बोलेको भिडियो भारईरल भयो समाजिक सञ्जालमा ।

१० बैशाख २०७७ को मध्यरातमा उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकिकरण भयो । पार्टी एकताको सहमती पत्रमा समाजवादीबाट डा.बाबुराम भट्टराई, उपेन्द्र यादव, अशोक राई र राजेन्द्र श्रेष्ठले तथा राजपाको तर्फबाट महन्थ ठाकुर, राजेन्द्र महतो, महेन्द्र राय यादव र शरदसिंह भण्डारीले हस्ताक्षर गरेका थिए ।

दुवै पार्टी एकिकरण भएर जनता समाजवादी पार्टी (जसपा) बनेपछि देशको बैकल्पिक शक्ति बनाउने लक्ष्य लिएर अगाडी बढेपछि नेता यादव र महतोले मधेशबादको बारेमा यसरी प्रतिक्रिया दिएका हुन् ।

२२ आसार २०७८ सम्म आईपुग्दा जसपा फुट्यो । साढे १४ महिना सम्म एकै पार्टीमा बसेका मधेश केन्द्रित नेताहरु पार्टी फुटाएर दुईधारमा विभाजन भए । पुरानो राजपाको ठाउँमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बन्यो ।

१०७ प्रदेशसभा सदस्य रहेको मधेश प्रदेशसभामा २०७४ को निर्वाचन पछि मधेश केन्द्रित राजनीति गर्दै आएका दुवैदलले ५४ सिट पु¥याएर सरकार गठन गरेका थिए । तर, २०७९ को आम निर्वाचन सम्म आई पुग्दा दुवै दलको शक्ति क्षिण भएको छ ।

मधेश केन्द्रित दलहरु विभाजन भएको असर २०७९ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको परिणामले देखाएको छ ।

२०७४ को आम निर्वाचनमा २९ सिट जितेर जनता समाजवादी पार्टी (जसपा) मधेश प्रदेशमा सबै भन्दा ठूलो दल बनेको थियो भने २५ सिट जितेर दोश्रो ठूलो दल बनेको थियो लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ।

गुट र फुटको राजनीतिका कारण यस पटकको निर्वाचनमा दुवै दललाई ठूलो झट्का लागेको छ । जसपा प्रत्यक्ष र समानुपाति गरी १६ सिटमा खुम्चिएको छ भने लोसपाले ९ मात्र ल्याएको छ। दुवै दलको सिट संख्या जोड्दा २५ सिटमा चित्त बुझाउनुपर्ने अवस्था आएको छ। विगत ५ वर्षदेखि मधेश प्रदेश सरकारको नेतृत्व गरेका जसपाले यो चुनावमा भने अपेक्षा अनुसारको परिणाम ल्याउन सकेन ।

एमाले र काँग्रेसलाई मधेशको शत्रु बताउँदै आएका थिए जसपा अध्यक्ष यादव । तर, यसपालिको निर्वाचन परिणामले एमाले-जसपा मधेश प्रदेशमा बलियो भएको

- बाँकी पृष्ठ ६ मा

फ्लोअप

## पोखरी डिल टेण्डर : गुठीले झुक्याउंदै

### टेण्डर रद्द माग गर्नेहरुको मुख बन्द गर्न लेखियो पत्र

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २७ ।

नियम कानून विपरित गुठी संस्थानले जनकपुरधाम ८ स्थित पापमोचनी सर पोखरीको डिल निर्माणाधिन एक होटलको पार्किंगलाई भाडामा दिन लाग्दा चौतर्फी विरोध हुन थालेपछि विरोधीहरुलाई पत्रमार्फत झुक्याउन खोजेका छन ।

विरोधीहरुको झुक्याउन गुठी संस्थानको जिल्ला शाखा धनुषाले केन्द्रिय कार्यालयलाई टेण्डर रद्द गर्न माग आएको भनी माथिबाट निर्देशन आओस भनी मंगलवार केन्द्रिय कार्यालयलाई पत्र लेखेको छ ।

मंगलावर मधेशदृष्टिले "कानून विपरित गुठीले पोखरीको डिल भाडा लगाउँदै, संरक्षणको सट्टा अतिक्रमण गराउन खाजेको भन्दै चौतर्फी विरोध" भन्ने शिर्षकको समाचार प्रकाशन गरेपछि चौतर्फी विरोध हुन थालेको छ ।

मंगलवार राजर्षि जनक पतञ्जली योग साधना केन्द्रले जनकपुरधाम स्थित गुठीको जिल्ला शाखामा र वृहत्तर जनकपुर क्षेत्र विकास परिषदले केन्द्रिय कार्यालयमा गुठीले व्यवसायिक प्रयोजनका लागि निर्माणाधिन होटललाई भाडामा दिने उद्देश्यले कात्तिक २९ गते निकालेको टेण्डर खारेज गर्न माग गर्दै निवेदन दर्ता गराएको थियो ।

योग साधना केन्द्रले सार्वजिनक हितका लागि चन्दादाताहरुको सहयोगमा ४०–४५ लाख रुपैया बराबरको संरचना तयार

- बाँकी पृष्ठ ६ मा

रेडियो वीरगंज २१ औं वर्षमा प्रवेश

## कार्यकारी अध्यक्ष साहद्वारा आभार व्यक्त

मधेशदृष्टि
वीरगंज मंसिर २७ ।

मध्यतराइकै पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले मंगलबारबाट आफ्नो प्रसारणको २०वर्ष पुरा गरी गौरवमय रुपमा २१ औं वर्षमा प्रवेश गरेको छ । समाजीक क्षेत्रमा समेत उल्लेख्य योगदान पु¥याउँदै आएको रेडियो वीरगंजले २० औ वार्षिकोत्सवको अवसरमा गत मंसिर २४ गते वृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । सो क्रममा २४ महिला सहित ३ सय जनाले रक्तदान गरेका थिए । रेडियो वीरगंजले २० बर्ष पुरा गरी २१ औं बर्षमा प्रवेश गरेको अवसरमा रेडियोका कार्यकारी अध्यक्ष ध्रुव साहले एक प्रेस विज्ञप्ती जारी गरी रेडियोका आम स्रोता, विज्ञापनदाता, शुभचिन्तकहरु प्रति आभार प्रकट गरेका छन् ।

विज्ञप्तीमा सबैको अपार स्नेहका कारण रेडियो वीरगंज मध्य तराईका श्रोताहरुको ढुकढुकी बन्न सफल भएको साहले बताए । श्रोता, विज्ञापनदाता र शुभचिन्तकको अपार माया, स्नेह र सहयोगका कारण रेडियो वीरगंजले रेडियो पोखरीया, टिभी बीरगंज संचालन गरि रहेको र यस वर्षबाट छापा माध्यमका रुपमा मधेशदृष्टि राष्ट्रिय दैनिकको प्रकाशन प्रारम्भ गरेको साहद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ । कार्यकारी अध्यक्ष साहद्वारा जारी विज्ञप्तीमा २० बर्ष सम्म रेडियो वीरगंजलाई अपार माया, स्नेह, प्रदान गर्ने स्रोता, विज्ञापनदाता, शुभचिन्तकहरुको विश्वासलाई थप मजबुद बनाउँदै जाने प्रबिद्धता समेत व्यक्त गरेका छन् ।

## एमाले मधेश ईन्चार्ज महासेठको बारामा चर्को विरोध

### प्रदेशसभा सदस्य चयनमा एकलौटी निर्णय गरेको भन्दै आपत्ती

मधेशदृष्टि
बारा, मंसिर २७ ।

नेकपा एमाले मधेशप्रदेश ईन्चार्ज रघुविर महासेठले प्रदेश सभा सदस्य तर्फ समानुपातिक सदस्य चयनमा एकलौटी निर्णय गरेको भन्दै बारामा एमाले नेता कार्यकर्ताहरुले महासेठको कार्यशैलिको चर्को विरोध गरेका छन् । बारा-३ को निर्वाचन समिक्षा सम्वन्धि केही दिनअघि बसेको बैठकले समानुपातिक सदस्य छनोटमा बाराबाट संघमा एकजना पनि सहभागी नहुनु र प्रदेशतर्फ पनि १ जना मात्रै छनोट हुन दुखद भएको भन्दै एमाले सचिव तथा मधेशप्रदेश ईन्चार्ज महासेठको कार्यशैलीको विरोध गरेको हो ।

'हामी धेरै दुखी छौ, एमाले सचिवको कार्यशैली अत्यन्तै गलत छ, बारामा हामीले जति मत मधेश प्रदेशको कुनै जिल्लाले ल्याउन सकेको छैन्,आज प्रदेशमा समानुपातिक सदस्य छनोटमा धनुषाले एकलौटी निर्णय गरेको छ, हामी यस्को खुलेर विरोध गर्न तयार छौं' एमाले बारा जिल्ला अध्यक्ष बिनोद साहले भने 'समानुपातिकमा बाराले संघमा एकजना महिला र प्रदेशमा २ महिला १ पुरुष सहित ३ जना सदस्य पाउनुपर्ने हो तर हामीलाई एउटा मात्रै सिट दिएर धेरै भेदभावको व्यवहार भयो ।'

एमाले मधेशप्रदेश ईन्चार्ज महासेठले प्रदेशसभा सदस्य चयनमा बारा, पर्सा, रौतहटबाट १/१ जना मात्रै छनोट गरेर धनुषाबाट एकलौटी ढंगले ५ जना चयन गरेको एमाले बारा जिल्ला अध्यक्ष साहले जनाएका छन् । बाराबाट प्रतिनिधि सभा सदस्यमा अन्जु नेपाली,अमर यादव र प्रदेशसभा सदस्य तर्फ केबल चौधरी, पुलिस मियाँ,लक्ष्मि नेपाली, मन्जु थापा र बिर्जादेवी जैशवालको नाम सिफारिस भएको थियो । जसमध्ये प्रदेशसभा सदस्यमा मन्जु थापाको नाम मात्रै छनोट भएको छ । मंसिर ४ गते सम्पन्न प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचनमा नेकपा एमाले बारामा पहिलो पार्टीको रुपमा उदाएको छ। २०७४ को

- बाँकी पृष्ठ ६ मा

हार्दिक श्रद्धाञ्जली



जन्म मिति
२०४१ मंसिर १ गते

स्वर्गारोहण
२०७९ मंसिर १५ गते

स्व. नरेश सर्राफ

रेडियो वीरगंजका पूर्व सहकर्मी एवं वीरगंजका क्रियाशिल युवा पत्रकार स्व. नरेश सर्राफ को अल्पायु मै निधन भएको आज १३ औं दिनको पुण्य तिथीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकाकुल परिवारजनमा ईश्वरले धैर्य धारण गर्न शक्ति प्रदान गरुन भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

ध्रुव साह
कार्यकारी अध्यक्ष
रेडियो बीरगंज, टिभी बीरगंज, रेडियो पोखरीया
एवं मधेशदृष्टि राष्ट्रिय दैनिक परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म मिति
२०४१ मंसिर १ गते

स्वर्गारोहण
२०७९ मंसिर १५ गते

स्व. नरेश सर्राफ

वीरगंजको महानगरपालिकाको वडा नं. २ छपकैया निवासी क्रियाशिल ३८ बर्षिय युवा पत्रकार स्व. नरेश सर्राफ को अल्पायु मै निधन भएको १३ औं दिनको पुण्य तिथीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनमा ईश्वरले धैर्य धारण गर्न शक्ति प्रदान गरुन भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

राजेशमान सिंह
नगर प्रमुख

इम्तियाज आलम
उपप्रमुख

बीरगंज महानगरपालिका

### ३ सय ६३ किलो गाँजा सहित मिनी ट्रक नियन्त्रणमा

# भाग्दै गरेको पक्राउ गर्न खोज्दा प्रहरी निरिक्षक सहित २ प्रहरी घाइते

मधेशदृष्टि
वीरगंज, मंसिर २७ ।
पर्साको ठोरी गाउँपालिकाबाट गाँजा बोकेको मिनीट्रक प्रहरीले नियन्त्रणमा लिएको छ । चितवनबाट ठोरीको विजयवस्तीतर्फ आईरहेको ना ४ ख ६५५५ नम्बरको मिनी ट्रकमा गाँजा रहेको सूचना पाएपछि प्रहरी र सशस्त्र प्रहरीको टोलीले पछ्याउदै आएर ठुट्टे खोलदेखि एकसय मिटर अगाडि मिनी ट्रकलाई नियन्त्रणमा लिने क्रममा ईलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक शंकर श्रेष्ठ सहित दुई जना प्रहरी घाईते भएका छन् ।



प्रहरीले पछ्याउन थालेपछि मिनीट्रकका चालक र सहचालक फरार भएका थिए । ट्रकबाट प्रहरीले ३ सय ६३ किलो ग्राम गाँजा बरामद गरेको छ । बरामद गरेको गाँजा र ट्रक आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय पर्सामा पठाईएको इलका प्रहरी कार्यालय ठोरीले जनाएको छ । गाँजा पक्राउ गर्ने क्रममा इलाका प्रहरी कार्यालय ठोरीको सवारी दुर्घटना हुदा प्रहरी निरीक्षक शंकर श्रेष्ठ सहित २ जना घाइते भएका थिए । बीरगंज ठोरी हुलाकी सडक खण्ड अन्तरगतको पटेर्वा सुगौली गाउँपालिकामा पर्ने मनिहर्वा नजिकै सवारी दुर्घटना हुदा प्रहरी निरीक्षक श्रेष्ठ र प्रहरी जवान मनोज घर्ती घाइते भएको इलाका प्रहरी कार्यालय ठोरीले जनाएको छ । गएराती इलाका प्रहरी कार्यालय ठोरी र सशस्त्र प्रहरी ठोरीको संयुक्त गस्तीले बरामद गरेको २२ पोका गाँजा जिल्ला प्रहरी कार्यालय लैजाने क्रममा सवारी दुर्घटनामा परेको प्रहरीले जनाएको छ । घाइते प्रहरी निरिक्षक सहित दुई जना जवानको नारायणी अस्पतालमा उपचार पछि आज साँझ डिस्चार्ज भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## बहुदरमाईमा पालिका स्तरीय गोष्ठी

मधेशदृष्टि
वीरगंज, मंसीर २७ ।
पर्साको बहुदरमाई नगरपालिकाको कार्यालयमा पालिका स्तरीय कार्यशाला गोष्ठी कार्यक्रम आज सम्पन्न भएको छ । बहुदरमाई नगरपालिकाका नगरप्रमुख सिगांसन साहको अध्यक्षतामा स्थानीय तहको शिक्षा क्षेत्रका लागि बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि पालिका स्तरीय कार्यशाला गोष्ठी सम्पन्न भएको हो । युनिसेफको आर्थिक सहयोग तथा शिक्षा बिकास निर्देशनालय मधेश प्रदेशको प्राविधिक सहयोगमा आयोजित पालिका स्तरीय कार्यशाला गोष्ठीबाट प्रत्येक पालिकाका बिधालयहरुमा शिक्षा क्षेत्रलाई अझ सुदृढ र प्रभावकारी बनाउन र पालिका तथा सबै वडाहरुमा बिपद् जोखिम न्युनिकरण गर्न सहयोग मिल्ने बताईएको छ । कार्यक्रममा पर्सागढी नगरपालिका, बिन्दबासिनी गाउँपालिका,र बहुदरमाई नगरपालिकाका बिभिन्नसामुदायिकबिधालयहरुका प्रधानाध्यापकहरुलाई सहभागी गराईएको छ ।

## महिलाको हत्या

मुकेश कुमार यादब
सिरहा, २७ मंसिर ।
सिरहामा धारीलो हतियार प्रहारगरी एक महिलालाई हत्या गरिएको छ । जिल्लाको मिर्चैया नगरपालिका २ का ३० वर्षिय लक्ष्मीनियाँ कापरको नजीकैको कर्जन्हा नगरपालिका ६ को जङ्गलमा दाउरालिन गएको बेला ३/४ जना युवाहरुको समूहले धारीलो हतियार प्रहारगरी हत्या गरिएको हो ।

दाउरा लिन जङ्गलतिर गएका बेला पछ्याउँदै गएका युवाहरुले जवरजस्ती करणी गर्ने प्रयास गर्दा महिलाले प्रतिकारमा उत्रेपछि उनीहरुले घाटी र पेटमा धारीलो हतियार प्रहार गरी हत्या गरेको इलाका प्रहरी कार्यलय मिर्चैयाका प्रमुख डिएसपी हरि वलीले जानकारी दिए ।

मृत्तकसँगै गएका महिलाहरुले देखेपछि गाउँमा खवर पुर्याएका थिए । उनीहरुकै भनाई अनुसार गाउँलेले किटानी जाहेरी दिएको बताइएको छ । प्रहरीका अनुसार स्थानीयले ३ जनाको नाममा किटानी जाहेरी गरेपनि अनुसन्धानपछि मात्र जाहेरी दर्ता गर्ने भनेपछि आक्रोशित स्थानीयले पूर्वपश्चिम सडक अन्तर्गत मिर्चैया नपा २ मलहनीयामा अपरान्ह देखि सडक जाम गरेको थियो । उनीहरुले दोषीलाई तत्काल पक्राउ गरी कारवाहीको माग गर्दै सडकमै टायर बालेर चक्का जाम गरेका थिए । सडक जामका कारण सयौं सवारी साधन र हजारौं यात्री अलपत्रमा परेका थिए । प्रहरी प्रशासन र स्थानियहरु विच जाहेरी दर्ता गर्ने,दोषिलाई कारवाही गर्ने सहमती पश्चात अवरुद्ध सडक करिव ४ घण्टापछि खुलेको स्थानिय राम नारायण पंडितले जनाएका छन । प्रहरीले घटनाको छानविन भईरहेको जनाएको छ भने शव अझै पनि घटनास्थलमै रहेको छ ।

स्थानीयले दोषिलाई पक्राउ गरेर मात्र शव उठाउन दिने भन्दै अवरोध गरेको प्रहरीको भनाई छ । स्थानीयले भने यस अघि गाउँमै भएको सामान्य विवादको रिसिवी साध्न हत्या गरेको आरोप रहेको छ । करिव २ साताअघि गाउँमा भएको सामान्य मोटरसाईकल दुर्घटनाको विवादले यो घटना भएको स्थानीयहरुको भनाई रहेको छ ।

## प्रादेशिक अस्पताल मलंगवामा प्रसुती गराउने गर्भवतीको चाप

घनश्याम बलम्पाकी
सर्लाही, मंसिर २७ ।
सर्लाही सदरमुकाम मलंगवा स्थित प्रादेशिक अस्पताल प्रसुति गराउन आउने गर्भवतीको संख्यामा उल्लेख्य वृद्धि हुन थालेको छ । अस्पतालले अप्रेसनसहितको प्रसुति सेवा नियमित गरेसँगै जिल्लाकै सबैभन्दा ठूलो सरकारी अस्पताल प्रादेशिक अस्पताल मलंगवामा प्रसुतितर्फ चाप बढ्न थालेको हो । यो आर्थिक वर्षमा मात्रै एक हजार २ ९१ गर्भवतीले प्रसुति सेवा लिइसकेका छन् । एक हजार १७३ गर्भवतीले सामान्य र ११८ गर्भवतीले शल्यक्रियासहितको प्रसुति सेवा लिएको अस्पतालकी स्टाप नर्स संगिता श्रेष्ठले जानकारी दिए । श्रेष्ठका अनुसार साउन महिनामा २२० गर्भवतीले सामान्य र १९ गर्भवतीले शल्यक्रिया, भदौ महिनामा २७६ गर्भवतीले सामान्य र ३७ गर्भवतीले शल्यक्रियासहितको प्रसुति सेवा लिएका छन् । त्यस्तै, असोज महिनामा २५० गर्भवतीलाई सामान्य र १९ गर्भवतीलाई शल्यक्रिया, कात्तिक महिनामा २१२




गर्भवतीलाई सामान्य र २१ गर्भवतीलाई शल्यक्रियामार्फत प्रसुति गराइएको छ । मंसिर महिनामा हालसम्म २१५ गर्भवतीलाई सामान्य र २३ गर्भवतीलाई शल्यक्रियामार्फत प्रसुति गराइएको अस्पतालले जनाएको छ । यसअघि जिल्ला अस्पतालको रुपमा रहेको यस अस्पतालमा आर्थिक वर्ष २०७७/०७८ मा एक हजार ३४० गर्भवतीले सामान्य र ६२ गर्भवतीले शल्यक्रिया तथा आर्थिक वर्ष २०७८/०७९ मा एक हजार ९७३ गर्भवतीले सामान्य र १५३ गर्भवतीले शल्यक्रियासहितको प्रसुति सेवा लिएका थिए । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर नवलकिशोर झाले प्रसुतिमा चाप बढ्दै गए पनि अस्पतालमा आवश्यक संरचना र जनशक्तिको अभावमा प्रसुति सेवामा चूनौति थपिएको बताए ।

उनका अनुसार अस्पतालमा १० जना मात्रै स्टाप नर्सको दरबन्दी भए पनि अस्पतालले आफ्नै स्रोतबाट समेत गरी १७ जना स्टाप नर्सको व्यवस्था गरेको छ । अस्पतालमा प्रसुतिका लागि ३६ वटा बेड छुट्याइएको छ । स्थानीय पालिकाहरुले सहयोग गरे प्रसुति सेवालाई अझ व्यवस्थित बनाउन सकिने मेडिकल सुपरिटेन्डेन्ट डाक्टर झाले बताए ।

## जग्गाको विवादमा एक वृद्धाको मृत्यु

मधेशदृष्टि
सर्लाही, मंसिर २७ ।
सर्लाहीको चक्रघट्टा गाउँपालिका-२, बेल्हीमा जग्गाको विवादमा कुटपीट हुँदा एक वृद्धाको मृत्यु भएको छ । सोमवार भएको सो घटनामा ७० वर्षीया सागर देवीको मृत्यु भएको हो । प्रहरीले कुटपीटमा संलग्न सागर देवीकै देवर ६५ वर्षीय पुकार रायलाई नियन्त्रणमा लिएको छ । पुकारका छोरा जितु भन्ने जितेन्द्र राय र बुहारी अनिता देवी राय फरार भने फरार छन् । उनीहरुको खोजी भइरहेको प्रहरीले जनाएको छ । पुकार, छोरा जितेन्द्र र बुहारी अनिता मिलेर सागर देवीमाथि कुटपीट गरेको बुझिएको छ । घटना लगत्तै प्रहरीले वृद्ध अवस्थाका पुकारलाई पक्राउ गरेर जिल्ला प्रहरी कार्यालय मलङ्गवा ल्याएको हो ।

पुकार र उनका दाईबीच जग्गाको विषयमा पुरानो विवाद रहेको बुझिएको सर्लाहीका प्रहरी उपरीक्षक प्रवीण पोखरेलले जानकारी दिए ।


### ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |


## अनुदान र बालकोटाका शिक्षकको भरमा पठनपाठन

मधेस दृष्टि
बारा, २७ मंसिर ।
बाराका सामुदायिक विद्याधालयहरुमा अनुदान र बालकोटावाला शिक्षकहरुको भरमा विधालय चलाइएको पाइएको छ । जिल्ला भरीमा प्राथमिक, निम्न माध्यमिक ,माध्यमिक र उच्च माध्यमिक विद्याधालय गरि ४ सय ३४ विद्यालयहरु रहेका छन् ।

जिल्लाको आर्दश कोतवाल गाँउपालिका वडा नम्बर ३ मा रहेका सार्वजनिक प्रावि निलकन्ठवा मटियर्वा, रामक विद्यारा अधारभुत विद्याधालय खोपवा, जनता अधारभुत विद्याधालय पिप्राबस्तपुर, नेपाल राष्ट्रिय अधारभुत विद्याधालय अकवनिया, जन सामुदायिक अधारभुत विद्यालय पोखरिया र श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय ईनर्वामाल भटिनियामा हाल रहेको सो विद्याधालयमा नेपाल सरकारका एक जना पनि शिक्षक छैनन् । स्थायी शिक्षक नहुदाँ पलिकाबाट अनुदानमा राखेका शिक्षक र बालकोटाका शिक्षिकाहरुले पाठनपाठन गराउने गरेका छन् ।

शिक्षा आयोग पास गरेर आएका शिक्षकहरु दक्ष हुने र उनीहरुबाट गुणस्तरिय शिक्षा प्रदान हुने भएपनि पालिकाबाट अनुदानमा खटाइएका शिक्षकहरुमा त्यस्तो क्षमता हुँदैन । राजनीतिक प्रभाव र पुहँचका आधारमा नियुक्ती हुने शिक्षकबाट बालबालिकाहरुको पढाईमा असर पर्ने हुन्छ ।

पालिकाले नियुक्ती दिएका शिक्षकहरुकै कारण बालबालिकाको पढाईमा अन्यौलता छाएको समाजवादी पार्टी निकट विद्याधार्थी संगठनका केन्द्रिय सचिव ईमरान आलमले बताउँछन् ।

पालिकाहरुले आफना कार्यकर्ताहरुलाई खुसी पार्नका लागि दक्ष जनशक्ति नभएपनि झारा टार्ने हिसावले शिक्षक भर्ती गर्ने गरेको हुन्छ त्यसबाट कति आसा राख्ने आलमले प्रश्न गर्छन ।

प्राथमिक शिक्षामा नै बालबालिकाहरुको बेस बलियो नभएपछि उनीहरुको पढाई अगाडिका कक्षामा अवल हुनसक्दैन अझ कमजोर हुदै जाने चिन्ता व्यक्त गर्दछन् बारागढी गाँउपालिका वडा नम्बर ४ का अभिभावक जयकलन्द्र चौधरी । यक्तको भनाई रहेको छ ।

बालकोटामा बढीमा एसएलसी पास गरेका महिलाहरु नै शिक्षिका रहेको हुँदा तिनीहरुबाट गुणस्तर शिक्षाको कल्पना गर्नु नै ब्यर्थ भएको आर्दश कोतवाल गाँउपालिका वडा नम्बर १ का शिक्षक समेत रहेका कुमोद कर्णको कथन छ । नेपाल सरकारले प्रष्ट रुपमा आधारभुत विद्यालयको हकमा विद्यालयको स्थाई शिक्षक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयुक्त खाता खोलेर विद्यालयको दैनिक तथा प्रशासनिक कामकाज अगाडि बढाउने शिक्षा नियमावलीमा उल्लेख छ । तर बाराका कतिपय विद्यालयहरुमा करार अर्थात पालिकाबाट अनुदानमा राखिएका शिक्षक तथा बालकोटाका शिक्षिकाहरुबाट नियम विपरित खाता संचालन गरि कामकाज हुने गरेको छ । जिल्ला शिक्षा समितिको त्यस तर्फ ध्यान गएको छैन ।

यसरी विद्यालयहरुमा खाता संचालन भईरहदा रकम पनि दुरुपयोग हुने सम्भावना उतिकै रहने विद्याधार्थी नेता ऐजाज मंसुरले बताउँछन् ।सरोकारवाला निकायले नेपाल सरकारको स्थायी शिक्षक ती विद्यालयहरुमा पठाउनुपर्ने जरुरी देखिन्छ ।

केही वर्ष अगाडि बारागढी गाँपालिका वडा नम्बर ४ पोखरियामा रहेको जन सामुदायिक अधार भुत विद्याधालयमा पिसिएफको शिक्षकले खाता संचालन गरि करिब ३० लाखको चार कोठे भनव निर्माणको काम थालेका थिए । तिनले भवन निर्माण नगरि अधुरो नै छोडि दिएपछि बाँकी रकम असुलअपर गर्न निकै नै कठिनाई भईरहेको शिक्षा विकास तथा समन्वय एकाई बाराका एक कर्मचारीले जानकारी दिए ।

जिल्लामा अधारभुत, मावि, उच्च माविमा गरि १ लाख ४५ हजार ७ सय ७० जना विद्याधार्थी रहेका छन । तिनीहरुलाई २ हजार ३ सय ४२ जना शिक्षकहरुले पठनपाठन गराउने गरेको शिक्षा विकास तथा समन्वय एकाई बाराको प्रमुख श्यामकिशोर साहले जानकारी दिए । प्राथमिक विद्यामा १ हजार ६ सय ७५, निमा विद्या ३ सय ३१, मा विद्यामा २ सय ४३ र उच्चमा विद्यामा ९३ जना शिक्षकहरु रहेका छन् ।

जिल्लामा शिक्षाको गुणस्तर बढाउन एवंम शिक्षकहरुको पदपुर्ती गर्न तथा आवश्यकता अनुसार जिल्ला भरीमा सरुवा गर्ने सम्मको अधिकार जिल्ला शिक्षा समितिलाई छ तर बारा जिल्ला शिक्षा समिति भने कानमा तेल हालेर बसेको छ । समय समयमा जिल्ला शिक्षा समितिको बैठक बसी जिल्लाको शैक्षिक अवस्थाका बारेमा छलफल गरेको भए जिल्लामा यस्तो समस्या सृजना हुने थिएन वरिष्ठ पत्रकार सत्यप्रसाद श्रेष्ठको आरोप छ ।

जिल्ला शिक्षा समितिको संयोजक जिल्ला समन्वय समितिको प्रमुख हुन्छ भने सदस्यहरुमा प्रमुख जिल्ला अधिकारी, सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरुबाट १, १ जना गरि २ जना, अभिभावक, शिक्षाविदबाट ३ जना, जिल्ला शिक्षा महासंघबाट १ र शिक्षा विद्याकास तथा समन्वय एकाईबाट कार्यालय प्रमुख सदस्य सचिव रहने गरि ९ जनाको समिति रहेको छ ।

प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटुवाल यस विषयमा शिक्षा समन्वय एकाईका प्रमुखसंग बुझेर समस्यालाई समाधान गर्ने तिर अग्रसर हुने बताए ।

विधालयमा शिक्षा विकास तथा समन्वय एकाईका कार्यालय प्रमुख श्यामकिशोर प्रसाद साहसंग बुझ्दा समस्या रहेको स्वीकार गर्दै केही जटिलता रहेको बताउँदै चाडै नै बैठक बसी त्यसको निकासतिर जाने प्रतिक्रिया दिए । जिल्ला समन्वय समितिका प्रमुख नरेन्द्र साहले अनुदान र बालकोटाको शिक्षकबाट पठनपाठन हुनु दुखद भएको बताउँदै समन्वय एकाईका प्रमुखसंग बुझेर प्रक्रिया पुगाई अगाडि बढ्ने बताए ।

## श्रोत नखुलेको २४ लाखभन्दा बढी रकमसहित एक पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २७ गते ।
स्रोत नखुलेको २४ लाखभन्दा बढी रकम सहित धनुषा सशस्त्र प्रहरीले एक भारतीय नागरिकलाई पक्राउ परेको छ । पक्राउ पर्नेमा भारतको बिहार राज्य मधुवनीं जिल्ला मंगपट्टी वडा नंम्बर १ मन्दिर, विशौल निवासी २३ वर्षिय उमेश कुमार रहेको सशस्त्र प्रहरी बल धनुषाले जनाएको छ । भारतबाट अवैध रुपमा रकम नेपालतर्फ आइरहेकोगोप्य सूचनाको आधारमा प्रदेश २-०२-००५ प ५७९८ नम्बरको मोटरसाइकललाई धनुषाको बिदेह नगरपालिका ९ इटहर्वा स्थित सीमा इलाका सशस्त्र प्रहरीको टोलीले चेकजाँच गर्दा सो रकम बरामद गरिएको हो । चेकजाँज गर्दा ट्याङ्की भित्र लुकाई छिपाई राखिएको श्रोत नखुलेको २४ लाख १७ हजार रकम बरामद गरिएको सशस्त्र प्रहरी बल धनुषाको मुख्यालयले जनाएको छ । नियन्त्रणमा लिइएका मोटरसाइकलको दुई लाख २६ हजार मूल्याङ्कन गरी बरामद गरिएका रकम सहित ती युवकलाई आवश्यक कारवाहीका लागि भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल मुख्यालयले जानकारी दिएका छन ।

## ‘थारु र मुस्लिमलाई मधेशी सूचीबाट हटाउ’

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २७ । थारू र मुस्लिमलाई मधेशी समुदायको सूचीबाट हटाउन मधेशीआयोगलेनिर्णय गरेको छ । आयोगको गएको मंसिर २० गते बसेको बैठकले नेपालमामधेशी समुदायको थर सूचीकरण अध्ययनप्रतिवेदन-२०७८ बाट उपसमूह १ मा रहेको थारू र २ मा रहेको मुस्लिमलाई हटाउने निर्णयगरिएको आयोगकाअध्यक्षविजयकुमार दत्तले जानकारी दिएका छन ।

मधेशीआयोगले गरेको निर्णय कार्यान्वयनको लागिआयोगकीउपसचिव सबिता डंगोलले प्रधानमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालयलाई पत्रसमेत पठाएकी छन् ।

थारू र मुस्लिम समुदायकाविभिन्न संघ-संगठनले थारू र मुस्लिम समुदायको छुट्टै पहिचान र सभ्यता रहेको र सो मधेशी समुदायसँगनमिल्ने भएकोले आफूहरुलाई मधेशी क्लस्टरबाट हटाउन मागगर्दै आयोगमाउजुरी दिएका छन ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदु:ख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

# हार्दिक श्रद्धाञ्जली



**जन्म मिति**
२०४१ मंसिर १ गते

**स्वर्गारोहण**
२०७९ मंसिर १५ गते

## स्व. नरेश सर्राफ

वीरगंजको महानगरपालिकाको वडा नं. २ छपकैया निवासी क्रियाशिल ३८ बर्षिय युवा पत्रकार **स्व. नरेश सर्राफ** को अल्पायु मै निधन भएको १३ औं दिनको पुण्य तिथीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनमा ईश्वरले धैर्य धारण गर्न शक्ति प्रदान गरुन भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

| | | | |
|---|---|---|---|
| प्रद्युमन प्रसाद चौहान<br>नगर प्रमुख<br>रुबी कुमारी ठाकुर<br>उपप्रमुख<br>पोखरीया नगरपालिका | सिगासन साह तेली<br>नगर प्रमुख<br>सुष्मा कुमारी कुशवाहा<br>उपप्रमुख<br>बहुदरमाई नगरपालिका | गोकर्ण पाठक<br>नगर प्रमुख<br>पुजा चौधरी<br>उपप्रमुख<br>पर्सागढी नगरपालिका | लाल बहादुर श्रेष्ठ<br>अध्यक्ष<br>गोकुली कुमारी रेग्मी<br>उपाध्यक्ष<br>ठोरी गाउँपालिका |
| मनोज कुमार गुप्ता<br>अध्यक्ष<br>लिलावती देवी कानु<br>उपाध्यक्ष<br>छिपहरमाई गाउँपालिका | बशिष्ट कुमार<br>अध्यक्ष<br>राजमती बरैनी<br>उपाध्यक्ष<br>कालिकामाई गाउँपालिका | श्रीकान्त प्रसाद यादव<br>अध्यक्ष<br>बबिता सिंह<br>उपाध्यक्ष<br>जगरनाथपुर गाउँपालिका | अनोज चौधरी<br>अध्यक्ष<br>रेखा चौधरी<br>उपाध्यक्ष<br>जिराभवानी गाउँपालिका |
| मदन प्रसाद चौहान<br>अध्यक्ष<br>मन्जु देवी<br>उपाध्यक्ष<br>धोबिनी गाउँपालिका | सुरेश प्रसाद<br>अध्यक्ष<br>सरफुन नेशा<br>उपाध्यक्ष<br>पकहा मैनपुर गाउँपालिका | दिनेश कुमार चौधरी<br>अध्यक्ष<br>ममता महतो<br>उपाध्यक्ष<br>पटेर्वा सुगौली गाउँपालिका | प्रमोद तिवारी<br>अध्यक्ष<br>ज्योती देवी चौरसिया<br>उपाध्यक्ष<br>बिन्दवासिनी गाउँपालिका |

जसवन्त यादव अध्यक्ष , शर्मिला बिष्ट उपाध्यक्ष , सखुवा प्रसौनी गाउँपालिका पर्सा

सम्पादकीय

## विवादमा फस्न हुन्न गुठी संस्थान

मधेश प्रदेशको राजधानी जनकपुरधाम मन्दिर र पोखरीहरुको सहर भनेर चिनिन्छ। यसको पौराणिक इतिहास छ । जनकजननी सीताको जन्मभूमिसँग जोडिएका प्रशस्त धार्मिक, सास्कृतिक धरोधर छन् जनकपुरधाममा । इतिहास देखिका कतिपय अहिले पनि छन्, भक्तजनले श्रद्धापूर्वक पूजाअर्चन गर्दछन् । कतिपय अस्तित्व लोप भए, कतिपय अतिक्रमणको शिकार बनेका छन् । जनकपुरलाई '७२ कुण्ड ५२ कुटी' को नगर पनि भन्ने गरिन्छ । कुण्ड भनेको पोखरी र कुटी भनेका मठ, मन्दिरहरु ।

लोकतान्त्रिक आन्दोलन, मधेश आन्दोलनहरुको गर्विलो इतिहास पनि छ जनकपुरसँग । अहिले प्रदेशकै राजधानीको रुपमा यसले आफ्नो स्वरुप बद्लिनेक्रममा छ, भौतिक निर्माणले गति लिएको देखिन्छ । तर पनि यसको धार्मिक ओज र आस्था विचलित भएको छैन । धार्मिक सामाजिक,सामाजिक वैभवता र जानकी माता लगायतका देवीदेवता प्रतिको अटुट विश्वास छ जनजनमा ।र, सायद यिनै धार्मिक सास्कृतिक धरोधरकै कारण जनकपुरधामको प्रमुख आय धार्मिक पर्यटन फस्टाएको छ ।

तर बिडम्बना भक्तजनको अटुट विश्वास माथी कतिपय जिम्मेवार व्यक्तिहरु प्रहार गर्दै आएका छन् । जनकपुरधामका विभिन्न मन्दिरहरुको नाममा रहेका हजारौं विघा जमिन बेहिसाव दुरुपयोग भएका छन् । पोखरीहरु पुरेर महलहरु ठडिएका छन् । पोखरीको किनारा मिचेर भवनहरु बनेका छन् । एक किसिमको बेथिति देखिन्छ । व्यवस्थापन पक्ष अत्यन्त कमजोरमात्र छैन, सिमित व्यक्तिको पक्षमा जस्तो पनि निर्णय गर्ने लाचार बनेको कतिपय घटनाले औल्याइरहेका छन् ।

पछिल्लो सयम गुठीका जमिनहरुको लगत तन्दुरुस्त राखेर उचित व्यवस्थापन गर्नुपर्छ भन्ने माग उठ्न थालेको छ । सरोकारवाला पक्षहरु आवाज बुलन्द गर्न थालेका छन् । जनकपुरधाममा भिन्न भिन्न खालका गुठी छन् । र, तिनको उपयोगबारे पनि फरक फरक व्यवस्थाहरु छन् । पेचिलो स्थिति छ व्यवस्थापनको । तर पनि यी सबै कुराको जिम्मेवारी गुठी संस्थान हो । संरक्षकको भूमिकामा रहेको गुठी संस्थान आफै बेलाबेलामा प्रभावमा परेर निर्णयहरु गर्दै आएको पनि देखिन्छ ।

अहिले आएर त्यस्तै विवादास्पद निर्णयले संस्थान विवादमा तानिएको छ। कात्तिक ३० मा सूचना प्रकाशीत गरेर संस्थानले जनकपुरधाम स्थित पापमोचनी सर पोखरीको डिलमा रहेको केही जमिन लिजमा दिन खोजेको छ। कुनै निश्चित व्यत्तिलाई प्रत्यक्ष लाभ पुग्ने गरी लिजमा दिने प्रकरणले सरोकारवालाहरु जुर्मराएका छन् । वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् अगाडि रहेको सो पोखरीको उत्तरतर्फको डिलमा रहेको सिट नं. १३५५–१७को किता नं. ५८ को ७ धुर जग्गा गुठी संस्थानले ३० वर्षका लागि लिजमा दिने प्रक्रिया अगाडि सारेको हो। मुख्य कुरा धार्मिक आस्थाले सम्पन्न पोखरीहरुको कस्तो व्यवस्थापन गर्ने, अतिक्रमित पोखरीहरुलाई आफ्नो स्वरुपमा कसरी ल्याउँने ? गुठी संस्थानसँग त्यस्ता दीर्धकालसम्म अर्थ राख्ने नीतिगत निर्णयको अपेक्षा छ। कतिपय पोखरी, पोखरीले चर्चेको जमिनको स्वामित्व गुठी संस्थानसँग छ । यसको अर्थ व्यक्तिगत सम्पत्ति जस्तै संस्थाले आफूखुसी निर्णय गर्न मिल्नेकुरा होइन, गुठी अभिभावकमात्र हो, मालिक बन्न मिल्दैन भन्ने आवाज उठिरहेका छन् ।

अहिले ३० वर्षे लिजमा लगाउने भनेको जमिन र जमिनसँगैको निर्माणाधीन होटलको विवाद लामो समयदेखी जारी छ । अहिले लिजमा लगाउन लागेको जमिन यस अघि पनि कुनै संस्थाले लिजमै ५ वर्ष देखि चलाइरहेको थियो ।तर मुख्य कुरा के हो भने गुठी संस्थाले गरेका कामकारवाही माथी प्रश्न उठ्छन्, कसैको दवाव र प्रभावमा परेर व्यक्तिगत फाइदाका लागि गुठी संस्थान काम गर्दछ भन्ने आरोप लाग्दछ भने त्यस्तो बेला गुठी संस्था विवादमा आउँने भन्दा मौन नीति उचित हुन्छ ।

अहिले लिजमा लगाउने जमिनसँग जोडिएका यावत पक्ष, प्रकरण, विवाद र द्वन्दको विगतबारे गुठी संस्थान अनभिज्ञ छैन । सत्ता र शक्तिको प्रभावमा परेर धार्मिक संस्थाले कसैको व्यक्तिगत लाभका लागि निर्णय गर्न सुहाउँदैन पनि । गुठी संस्थानका अधिकारीहरु 'गुठीले कसैलाई सोध्नु पर्दैन' भन्ने जस्ता गैरजिम्मेवार जवाफ दिएर पन्छन मिल्दैन ।सरोकारवाला निकाय, संस्था र व्यक्तिका सरोकारहरु सम्बोधन गर्नुपनि गुठी संस्थानकै जिम्मेवारी हो । गुठी संस्थान धर्म सस्कृतीको रक्षक बन्नुपर्दछ, व्यापारिक, व्यवसायीक प्रयोजनमा पौराणिक धरोहरहरु सुम्पने नीति उसको चरित्र सुहाउँने कुरा होइन । जानिजानी विवादमा फस्दा प्रभाव र प्रलोभनले काम गरेको ठहरिने र त्यो झन् जतिल र प्रत्युकपादक बन्नसक्छ ।७ धुर जमिनको प्रकरणमा अधिकारको प्रयोग गरेर समाजमा विग्रह निम्त्याउनु भन्दा लिज टेण्डरनै खारेज गर्नु गुठी संस्थान र जनकपुरधामको हितमा छ ।

# मधेशी दलको घट्दो लोकप्रियताको निहितार्थ



- श्रीमन नारायण

*यदि डा. सि.के. राउतले आफू र आफ्नो पार्टीलाई आउँदा पाँच वर्षसम्म सत्ता भन्दा टाढा राख्ने धैर्य र साहस जुटाउन सकेभने उनको पार्टी तराई मधेसको सवै भन्दा ठूलो दल बन्न बढी समय लाग्नेछैन । तर राष्ट्रिय राजनीतिको मूलधारमा समाहित भई शासनसत्ताको उपभोग गर्न जुन तिव्र गतिमा उनले आफ्नो राजनीतिक अडानमा ३६० डिग्रीको फनको मारेका छन् यसले उनलाई पनि संम्भवतः अन्य मधेसी दलकै पंक्तिमा उभ्याउने निश्चित छ ।*

हालै सम्पन्न संघीय संसद र प्रादेशिक संसदहरुको निर्वाचन परिमाण घोषित भईसकेको छ ।समानुपातिक निर्वाचन प्रणालीका कारण कुनै एक दलले बहुमतको सरकार बनाउने अवस्था अब कहिल्यै सम्भव हुनेछैन। यसपालिको जनादेश पनि मिलिजुली सरकारको निम्ति नै आएको छ । तराई मधेशमा र त्यो पनि खास मधेश प्रदेशमा मधेशवादी दलहरुको दयनीय प्रदर्शनले मधेशवादी दलहरुको घट्दो लोकप्रियता र जनविश्वासलाई मतादेश मार्फत व्यक्त गरेको छ ।

हिमाल, पहाड र तराईका जनताले पनि संघीय सरकारको निम्ति देशका प्रमुख राजनीतिक दलहरु माथि नै पत्यार गरेका हुन्। मधेस प्रदेसका लागि छुटयाईएका ३२संघीय संसदका सीटहरुमध्ये जाबो १० सीटमा मधेसीदलहरुले सफलता हासिल गर्नु लज्जास्पद पराजय हो । लोसपाले तीन सिट हात पार्न पाँच दलिय गठबन्धनको सहारा लिनु पऱ्यो भने नेकपा एमाले र राप्रपाको सहयोगका बाबजूद पनि उपेन्द्र यादव आफै चुनाव जित्न सकेनन् । राजेन्द्र महतोको पराजय उनको राजनीतिक अन्त्यको थालनी हो । महन्त ठाकुरले पनि येनकेन प्रकारेण चुनाव जित्न सके ।

उपेन्द्र यादवको पार्टीवबाट जितेका संघीय सांसदहरुको इतिहासलाई हेर्दा यो पार्टी आगामी दिनमा विभाजनको पीडा भोग्ने निश्चित छ । पार्टीका वरिष्ठ नेता र नवनिर्वाचित सांसद अशोक राईको एउटा नयाँ वक्तव्यले यसको संकेत पनि गरेको छ । डा. चन्द्रकान्त राउतको पार्टीले प्रत्यक्षमा एक सीट जिते पनि समानुपातिक तर्फको मतका कारण संघीय संसदमा यो आधा दर्जनको संख्यामा आफ्नो उपस्थिति जनाएको छ । उपेन्द्र यादव नेतृत्वको जसपा पनि संघीय संसदमा एक दर्जनको संख्यामा उपस्थिती जनाउने भएको छ, जो विगतको तुलनामा कम नै हो ।

संघीय संसदमा लोसपालाई उछिनेर जनमत पार्टी दोस्रो ठुलो मधेसवादी दल बन्न सफल भएको छ । मधेस प्रदेसमा पनि लोसपालाई उछिनेर यो दोस्रो ठूलो दल बन्न गएको छ । यदि डा. सि.के. राउतले आफू र आफ्नो पार्टीलाई आउँदा पाँच वर्षसम्म सत्ता भन्दा टाढा राख्ने धैर्य र साहस जुटाउन सकेभने उनको पार्टी तराई मधेसको सवै भन्दा ठूलो दल बन्न बढी समय लाग्नेछैन । तर राष्ट्रिय राजनीतिको मूलधारमा समाहित भई शासनसत्ताको उपभोग गर्न जुन तिव्र गतिमा उनले आफ्नो राजनीतिक अडानमा ३६० डिग्रीको फनको मारेका छन् यसले उनलाई पनि संम्भवतः अन्य मधेसी दलकै पंक्तिमा उभ्याउने निश्चित छ ।

रवी लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी र सि.के. राउतको जनमत पार्टीले पनि नेपाली जनतालाई निराश पार्ने निश्चित नै छ । हामी नेपालीहरु मनन, चिन्तन गरेर होइन क्षणिक भावनामा बगेर हतारमा निश्कर्षमा पुग्ने गर्दछौं । यो जनादेश यसैको उपज हो । जबसम्म हामी योग्य व्यक्तिको छनौट गर्देनौं देश र जनता पराजित भैनै रहनेछ । केवल पार्टीका प्रोपराईटरको जित हुनेछ र तिनको कारोवार चलिरहनेछ ।

तराई मधेसका जनताले यसपालि एघार प्रतिशत मत मधेसी दललाई नै दिएका छन् । नागरिक उन्मुक्ती पार्टी समेतको मतलाई जोडने हो भने यो अहिले सम्मकै सर्वाधिक हो, अन्यथा विगत १५ वर्षको सबै भन्दा कम हो । तराई मधेसमा जनता मधेसी दलसित आक्रोशित थिए तर तिनलाई खारेज नै गरिदिने पक्षमा थिएननु तर जब उपेन्द्र यादवले नेकपा एमाले र लोसपाले पाँचदललाई आफनो काँधमा बोकेर तराई मधेसका गाँउ गाँउमा घुम्न थाले अनि जनमतले ठाउँ पाउनु अस्वाभाविक थिएन । पहाडका जनताले राप्रपा, राष्ट्रिय स्वतन्त्र पार्टी तथा हाम्रो नेपाली पार्टीलाई मतदान गर्नुको कारण पनि गठबन्धन प्रतिको बितृष्णा नै हो ।

तराई मधेसका जनताले ५ वर्ष अघि गठबन्धको पक्षमा ठूलो जनमत दिएका थिए । तर तात्कालिन फोरम र राजपाका नेताहरुले मधेस प्रदेश सरकारको तर्फबाट त्यहाँका जनतालाई राहतको अनुभूति दिलाउन सकेनन् । मधेसी शहीद पनि उपेक्षित रहे, किसानले समयमा मल खाद पाउन सकेनन् ।ट्रेक्टर, पम्पिंग सेट र अन्य सुविधा पनि सत्ताधारी पार्टीका समर्थकले नै पाए । ५ वर्षमा एउटा पनि कल कारखाना खुल्न सकेन । बेरोजगारी बढ्दै गयो । प्रदेस सरकारको सर्वधिक लोकप्रिय कार्यक्रम बेटी बचाउ बेटी पढाउ अर्न्तगत साइकल खरिदमा भएका भ्रष्टाचारका घटनाका कारण मुख्यमन्त्रीको कार्यालयमा अख्तियारले छापामारी पनि गऱ्यो तर कुनै पनि दलले मुख्यमन्त्रीको राजीनामाको माग गरेनन् ।

पाँच वर्ष अघि मधेसी गठबन्धनका दलबीच एकीकरण त भयो तर एकीकरण भन्दा बढी पीडादायक यसको विभाजन रह्यो । आखिर पालै पालो गरी दुवै मधेसी दलले ठूला दलको संरक्षण र अभिभावकत्वमा नै आफूलाई सुरक्षित महसुस गरे । ५ वर्षसम्म जातिवाद, परिवारवाद र भ्रष्टाचारमा मधेस प्रदेशको सरकार संलग्न रहेको आरोप लाग्दै रहयो, यो चुनाव परिणाम यसैको परिणति हो । मधेसी दलको विगत ३२ वर्ष लामो इतिहास पनि यस भन्दा पृथक रहेको छैन ।

तराई मधेसका जनताले पनि ठूलादल माथी नै पत्यार गरेका छन् । मधेस प्रदेसका ६४ सिट मध्ये मधेसी दलले २३ सिट मात्रै हात पार्नु, प्रदेश नम्बर १ मा प्रत्यक्षमा एक सिट पनि हात न पार्नुले मधेसी दल प्रति जनताको वितृष्णा लाई दर्शाउँछ। लुम्विनी प्रदेशमा लोसपाले एक सिट संघीय संसदमा जिते पनि त्यो उम्मेदवारको व्यक्तिगत लोकप्रियता कारणले हो । नागरिक उन्मुक्ती पार्टीको सफलताले थारु मतदातालाई ठूला दलहरु प्रति वितृष्ण जगाएको छ । रेशम चौधरीको रिहाईको विषयले अब बन्ने सरकार सामु थप समस्या निम्त्याउने निश्चित छ ।

तराई मधेसको जनादेश पनि वर्षौ देखि सत्तामा र संसदमा रहेका नेताहरु प्रतिको आक्रोश नै हो । विजय कुमार गच्छेदार, उपेन्द्र यादव, राजेन्द्र महतो र लक्ष्मणलाल कर्णको पराजय सामान्य होइन । हृदयेश त्रिपाठी जस्ता कुशल सांसद र लक्ष्मणलाल कर्ण जस्ता कानूनवीज्ञको अनुपस्थिति संसदलाई महसुस भइरहनेछ । जनादेशको सम्मान गर्दै देशलाई आर्थिक समृद्धिको बाटोमा डोऱ्याउने जिम्मेवारी सवैको हो तर करोडौं खर्च गरेर चुनाव जितेकाहरु इमान्दार भई जालान भन्ने अपेक्षा गर्नु ठीक होइन । भ्रष्टाचार गरी कमाईएका पैसा हातमा लिएर मतदान गर्ने हातहरुले चुनाव पछि इमान्दार प्रतिनिधिको उपस्थितिको कामना गर्नु दिवास्वप्न जस्तै हो । देशलाई र मधेस सहित सवै प्रदेशलाई पनि राजनीतिक स्थायित्व चाहिएको छ र आर्थिक समृद्धि पनि ।

> पाँच वर्ष अघि मधेसी गठबन्धनका दलबीच एकीकरण त भयो तर एकीकरण भन्दा बढी पीडादायक यसको विभाजन रह्यो । आखिर पालै पालो गरी दुवै मधेसी दलले ठूला दलको संरक्षण र अभिभावकत्वमा नै आफूलाई सुरक्षित महसुस गरे । ५ वर्षसम्म जातिवाद, परिवारवाद र भ्रष्टाचारमा मधेस प्रदेशको सरकार संलग्न रहेको आरोप लाग्दै रहयो, यो चुनाव परिणाम यसैको परिणति हो । मधेसी दलको विगत ३२ वर्ष लामो इतिहास पनि यस भन्दा पृथक रहेको छैन ।

वि.सं २०४८ सालको आम निर्वाचनमा गजेन्द्रनारायण सिंहको नेपाल सदभावना पार्टीले ४.१० प्रतिशत मत सहित ६ जटा सिट हात पारेको थियो । त्यतिवेला राष्ट्रिय राजनीतिक पार्टीको मान्यता प्राप्त गर्न ३ प्रतिशत मतलाई आधार मानिएको थियो । राष्ट्रिय सभामा पनि यसले एक सिट हात पारेको थियो । वि.सं. २०५१ सालको मध्यावधि निर्वाचनमा पार्टीको मत प्रतिशतमा हास आयो र ३.२८ प्रतिशत मत सहित यसले ३ सीट जित्न सफल रहयो । वि.सं. २०५६ सालमा भएको आम निर्वाचनमा पनि पार्टीले राष्ट्रिय मान्यता कायम राख्दा ५ सित जित्न सफल भएको थियो ।

त्यस निर्वाचनमा झिनो मतको अन्तरले गजेन्द्रनारायण सिंह पराजित त भए तर उनलाई पछि राष्ट्रियसभामा ल्याइयो । त्यसको २ वर्ष पछि २०५८ माघ १० मा उनको निधन भयो । त्यसपछि नेपाल सदभावना पार्टीमा टूट फूट, विभाजन, खरिद-बिक्री तथा एकीकरण र विघटनका नाटकहरु मञ्चन भए । उनकी विधवा श्रमिती आनन्दी देवी सिंहको नामको हदैसम्म दुरुपयोग गर्ने काम भयो । त्यतिवेलाका नेपाल सदभावना पार्टीको प्रमुख नेताहरुमा देखिएको सत्ता लोभ र स्वकेन्द्रित राजनीती र अवसरवादिताले नेपाल सदभावना पार्टी र नेसपा (आनन्दी देवी) लाई वैचारिक र सांगठनिक रुपले पनि जीर्ण शीर्ण बनाई आर्यघाटसम्म पुऱ्याउने काम गऱ्यो । मुखाग्नि दिने काम गजेन्द्र बाबूकै एक जना अति विश्वास पात्रले गरे

माओवादीको एक दशक लामो सशस्त्र संघर्षले आफनै तरिकाले तराई-मधेसमा जातिय सामाजिक र आर्थिक आधारमा ध्रुविकरण अथवा विभाजन गऱ्यो, जुन विशुद्ध रुपमा इर्स्या, द्वेष र पूर्वाग्रहमा आधारित थियो । तराई मधेसका जनता माओवादीको समर्थन र विरोधमा ध्रुविकरण हुन बाध्य भए । सात दलीय सरकार र माओवादीबाट पीडित, दुखी र आक्रोसित तराई मधेशका धनी, उच्च र मध्यमवर्गीय परिवारको भावनालाई आफूतिर आकर्षित गर्न उपेन्द्र यादव सफल भए । नेसपा र नेसपा (आनन्दी देवी) भित्रको अर्न्तकलहका कारण उत्पन्न शुन्यताको लाभ उनले उठाए ।

उपेन्द्र यादव नेतृत्वको मधेस जनअधिकार फोरम नेपाल को तिब्र गतिमा बढेको लोकप्रियतावाट मधेसमा ठुलादलहरुको जनाधारमा ह्रास आउन थालेको थियो । पहाड हिमाल र महेन्द्र राजमार्गका क्षेत्रका जनता माओवादी तिर आकर्षित थिए जबकि तराई मधेसका जनता फोरमतिर । फोरमको लोकप्रियताबाट डराएर एक दर्जन भन्दा बढी तत्कालिन सांसदहरु जो नेपाली काँग्रेस, एमाले , राप्रपा र सदभावनामा थिए, महन्त ठाकुरको नेतृत्वमा तमलोपाको गठन गरे । राजेन्द्र महतोले आफ्नै नेतृत्वमा सदभावना पार्टी बमोजिम नयाँ दलका बनाए । नेसपा (आनन्दी देवी) पनि अस्तित्वमा थियो नै । वि.सं.२०६४ सालको मधेश आन्दोलनको प्रभावका कारण संविधान सभाको पहिलो निर्वाचनमा उपेन्द्र यादव नेतृत्वको फोरमले ६.३२ प्रतिशत मत सहित प्रत्यक्ष र समानुपातिक गरी ५२ सिट जित्न सफल भएको थियो । महन्त ठाकुर नेतृत्वको तमलोपा३.१६ प्रतिशत मत सहित २० सीट जितेको थियो । जवकि राजेन्द्र महतो नेतृत्वको पार्टीले ११ सिट र २.५ प्रतिशत जति मत हासिल गरेको थियो ।

पहिलो संविधान सभाको सदुपयोग गर्नमा मधेसी दलहरु चुके र सत्ता एवं पदलाई प्राथमिकता दिए । पद र सत्ताको लुछाचुडीमा फोरम पाटी झण्डै आधा दर्जन टुक्रामा ,सदभावना पार्टी तीन टुक्रामा र तमलोपा दुई टुक्रामा विभाजित भए । मधेसी दलहरु तीनबाट एघार भए । बि.सं. २०७० सालमा भएको संविधानसभा निर्वाचनमा मधेसी जनताले पार्टी फुटाएका राजनितिज्ञलाई ठुलो झट्का दिए । उपेन्द्र यादव नेतृत्वको पार्टीले ३.८७ प्रतिशत मतसहित १० सीट जित्न सफल भयो जवकी तमलोपा १.४५ प्रतिशत मतसहित ११ सिट जित्न सक्यो ।

चुनावी राजनितिका माहिर खेलाडी विजय कुमार गच्छेदार भने ३.१३ प्रतिशत मत सहित सबै भन्दा बढी सीट जित्ने मधेशी दल र नेताको रुपमा आफुलाई स्थापित गरे । नेपाली कांग्रेस ,नेकपा एमाले, राप्रपाले राम्रो प्रदर्शन गरे । माओवादीको पनि धेरै राम्रो अवस्था थिएन । उपरोक्त यी दलहरु मिलेर दुई तिहाई भन्दा बढीं सिट जित्न सफल भएका थिए । मधेसीदलका वरिष्ठ नेताहरु पनि कम चलाख थिएनन् । ३ पार्टीका अध्यक्षले त आफ्नी श्रीमती, एकले सम्धिनी जबकी एकले खास नजिकका मान्छेलाई संविधानसभामा पठाए । यसरी पारिवारिक उत्तराधिकारीहरुलाई संविधान निर्माणको जिम्मा दिइयो । संविधानसभामा पुग्न असफल मधेसी नेताहरुले तराई-मधेसका युवालाई सडकमा विरोध प्रर्दशन गर्न र गोली खान उत्प्रेरित गरे । चुनावमा सहानुभुति पाउन लायक विरोध प्रदर्शनका कार्यक्रमहरु भए । संविधानलाई संविधान मान्दैनौ भन्दै संविधान जलाउने मधेशी दलहरुले नै त्यसपछिका निर्वाचनहरुमा भाग लिई पद र सुविधाको लाभ पनि लिंदै आएका छन् ।

विं.सं.२०७४को आमनिर्वाचनमा मधेशी गठबंधनमा फोरमले ४.९३ प्रतिशत र राजपाले ४.९५ प्रतिशत मत हासिल गरे । सिट संख्या पनि दुवैको सम्मान थियो । मधेश प्रदेशमा त यसले बहुमत सहित साढे तीन वर्ष सरकारको नेतृत्व नै गयो तर जनताका मुद्दा ओझेलमा रहे । संविधान संशोधान भएन केवल सत्ताले प्राथमिकता पायो, फलस्वरुप यस चुनावमा दुवै दलले अप्रत्यासित पराजय भोग्नु पऱ्यो । यस पटकको निर्वाचन परिणामवाट पनि मधेसी दलहरुले शिक्षा लिने काम गरेनन् भने आउँदा चुनावमा झन ठूलो पराजय भोग्नु पर्नेमात्र होइन सिद्धिन पनि बेर लाग्ने छैन् ।



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा जाडोको कपडा बेच्दै काठमाडौँबाट आएका व्यापारी । *तस्बिर : सञ्जीतकुमार मण्डल /रासस*

# एशियन हाइड्रोपावरको आइपिओ खुला

काठमाडौँ, २७ मङ्सिर
एशियन हाइड्रोपावर कम्पनी लिमिटेडले स्थानीय तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि साधारण शेयरको बिक्री खुला गरेको छ । कम्पनीले मंगलबारदेखि प्रतिकित्ता रु १०० अङ्कित दरमा चार लाख २४ हजार कित्ता शेयर प्राथमिक सेयर निष्कासन तथा बिक्री खुला गरेको हो ।कम्पनीले जारी पूँजी रु ३४ करोडको १० प्रतिशतले हुन आउने रु तीन करोड ४० लाख बराबरको कूल तीन लाख ४० कित्ता साधारण शेयर आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि छुट्याएको छ । त्यस्तै सर्वसाधारणमा निष्कासन गरिने शेयरको १० प्रतिशतले हुन आउने ८४ हजार कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्कासन गरिने कम्पनीले जनाएको छ । कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीयलाई निष्कासन गर्ने शेयरमध्ये ४० प्रतिशत अर्थात एक लाख ३६ हजार कित्ता शेयर आयोजना अति प्रभावित क्षेत्र इलामको इलाम नगरपालिका-१०, माई जोगमाई गाउँपालिका ३ र ४ तथा सूर्योदय नगरपालिका -११ का स्थानीय बासिन्दाका लागि छुट्याइएको छ । त्यस्तै आयोजना अति प्रभावित क्षेत्र बाहेक इलामको अन्य क्षेत्रमा बसोबास गर्नेका लागि बाँकी ६० प्रतिशतले हुने दुई लाख चार हजार कित्ता शेयर निष्कासन गरिने सार्वजनिक आह्वान पत्रमा उल्लेख छ ।

निष्कासन गरिने शेयरमा आयोजना प्रभावित स्थानीयले छिटोमा आगामी पुस १२ सम्म र ढिलोमा पुस २७ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम २० हजार कित्तासम्म खरिदका लागि आवेदन दिन सक्नेछन् । त्यस्तै वैदेशिक रोजगारीमा रहेका नेपालीले पुस १२ गतेसम्म अधिकतम २० हजार कित्ता शेयर खरिदका लागि आवेदन दिन सक्नेछन् ।

निष्कासन गरिने शेयरमा स्थानीयले प्राइम कमर्सियल, ग्लोबल आईएमइ, एनएमबि, सिभिल बैंक तथा नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयबाट 'सि आस्वा' प्रणालीमार्फत् शेयर खरिदका आवेदन दिन सक्नेछन् ।

वैदेशिक रोजगारीमा रहेका नेपालीले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयबाट 'सि आस्वा' प्रणालीमार्फत् तथा 'मेरो शेयर'मार्फत् शेयर खरिदको आवेदन दिन सक्नेछन् । वैदेशिक रोजगारीमा नेपालीले विप्रेषण (रेमिट्यान्स)बचत खाता खोली त्यसमा दर्ता गरिएको सिआरएन नम्बर उल्लेख गरेर अनलाइनमार्फत् 'मेरो शेयर' प्रयोग गरी शेयर खरिद आवेदन दिन सकिने सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले जनाएको छ । एशियन हाइड्रोपावरलाई केयर रेटिङ्स् नेपालले 'केयरएनपी बिबी आईएस' प्रमाणपत्र प्रदान गरेको छ ।

कम्पनीले इलामको माईजोगमाई गाउँपालिका र ईलाम नगरपालिकाको जोगमाई खोलामा छ दशमलव दुई मेगावाट क्षमताको तल्लो जोगमाई खोला जलविद्युत् आयोजना निर्माण गरेको छ ।रासस

# २८ करोडमा निर्माण गरिएको "होल्डिङ सेन्टर" अलपत्र

वीरगञ्ज, २७ मङ्सिर
कोरोना महामारीको समयमा भारतबाट नेपाल भित्रिने यात्रुलाई लक्षित गरी निर्माण गरिएको वीरगञ्जस्थित होल्डिङ सेन्टर अलपत्र परेको छ । तत्कालीन समयमा विद्यालय तथा कलेजमा क्वारेन्टिन बनाउँदा चर्को आलोचना भएपछि सरकारले विसं २०७८ वैशाख ५ गते मुलुकका विभिन्न आठ नाकामा होल्डिङ सेन्टर निर्माण सुरु गरेको थियो ।



सरकारले २०७८ साल असार २५ देखि वीरगञ्ज भन्सार कार्यालयको पश्चिमपट्टिको गोदाम नजिक करिब दुई बिघा जग्गामा होल्डिङ सेन्टर निर्माण सुरु गरेको थियो ।

नेपाली सेनाको व्यवस्थापकीय जिम्मेवारीमा हनुमान कन्स्ट्रक्सनले होल्डिङ सेन्टर निर्माणका लागि ठेक्का पाएको थियो । निर्माण सुरु भएको नौ महिना अर्थात् २०७८ साल चैत मसान्तमा होल्डिङ सेन्टरको निर्माण सकिएको थियो । पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले होल्डिङ सेन्टर सरकारले सञ्चालनको निर्णय गरेपछि हस्तान्तरण हुने बताए ।

उनका अनुसार होल्डिङ सेन्टरमा रु २८ करोड लगानी भएको छ भने ६० वटा भवन छन् । जसमा १३ वटा भान्सा घर, २२ वटा शौचालय तथा एक हजारभन्दा बढी मानिस अट्ने २२ वटा क्वारेन्टिन भवन छन् । क्वारेन्टाइनमा नौ सय शय्यामा सामान्य लक्षण भएकालाई राखिने र बाँकी एक सय शय्यामा जटिल अवस्थाका बिरामीलाई राखिनेछ । साथै सरकारी प्रतिनिधिका लागि तीनवटा एसीसहितका भवन निर्माण गरिएको छ ।

निर्माण कम्पनीका साइट इञ्चार्ज विशाल दाहालका अनुसार होल्डिङ सेन्टर हस्तान्तरणमा ढिलाइका कारण आर्थिक तथा सुरक्षाको चुनौती थपिएको छ । सेन्टरबाट केही समयअघि १६ वटा पङ्खा चोरी भएको थियो । हाल होल्डिङ सेन्टरमा दुई सशस्त्र प्रहरी र एक नेपाल प्रहरीले सुरक्षार्थ खटाइएको छ । रासस

# "केज कल्चर"ले बढायो माछापालनको आम्दानी

विराटनगर, २७ मङ्सिर
मोरङ पथरी शनिश्चरे नगरपालिका हसन्दहका सूर्यबहादुर थापाको परिवारले माछापालनमा 'केज कल्चर' अपनाएपछि आम्दानी पनि बढाउन सफल भएका छन । उमेरले ८२ वर्ष टेकेका थापाले माछापालनका लागि चार बिघा १० कट्ठा जग्गामा ११ वटा पोखरी निर्माण गरेका छन ।

विसं २०२८ मा ८२ बिघा क्षेत्रफलमा धानखेती सुरु गरी व्यावसायिक कृषिखेतीमा आबद्ध भएका थापाले माछापालनमा ' आधुनिक प्रविधि'भित्रिएसँगै आम्दानी पनि बढेको सुनाए । पाँच दशकअघि धानखेतीमार्फत् व्यावसायिक कृषिखेतीमा लागेको उहाँको परिवार हाल सूर्य एग्रिकल्चर फार्म कम्पनी स्थापना गरी धानसँगै, मकै तथा तरकारी खेती गर्दै आएको छ ।


साथै बाख्रा, गाई र माछापालनमासमेत होमिएको छ । जसलाई हाल उहाँका छोरा नन्दन थापाले सम्हालिरहेका छन । कृषिमा प्रविधिको प्रयोग बढेपछि खेतीमा पनि विविधता ल्याएका हौँ, नन्दनले भने , यद्यपि रासायनिक मल र बिउ नपाउँदा भने बेलाबेलामा समस्या हुने गरेको छ । यस क्षेत्रमा 'केज कल्चर' (माछापालनको आधुनिक प्रविधि) सुरुवात भएपछि माछापालनबाट हुने आम्दानी बढेको उनको भनाइ छ । माछापालनमा केज कल्चर भित्रिएपछि यसबाट हुने आम्दानी बढेको छ, उनले भने , यो प्रविधि अपनाएपछि जति खेर पनि माछा उपलब्ध गराउन सकिन्छ ।

केज कल्चर एउटै पोखरीमा फरक-फरक जातिको माछा हुर्काउन सकिने प्रविधि हो । माछाका सुकुटी बनाउन 'सोलार ड्रायर' समेत राख्नुभएको छ भने थापाले माछापालनका लागि प्रदेश सरकारबाट रु दुई लाख अनुदान पाइसकेका छन । कृषि आधुनिकिकरणको बाटोमा भए पनि चर्को विद्युत्को महशुल, रासायनिक मल र खेतीका लागि विउ अभावलका कारण किसानहरु मर्कामा पर्ने गरेको उनको भनाइ छ ।

सिँचाइका लागि प्रयोग हुने विजुलीमा सहुलियत छैन, उनले भने , कृषिका लागि प्रयोग हुने विद्युत् महशुल, समयमै विउ र रासायनिक मल नपाउँदा किसानको लागत बढेको छ । चार जना परिवारलाई जागिर दिनुभएका थापाले कोरोना महामारीमा भएको लकडाउनमा रु एक लाख ५० हजारको गोलभेडा बिक्री गरेका थिए ।
रासस

# चरन अभावले मह उत्पादन घट्यो

गलेश्वर, २७ मङसिर
म्याग्दीका ग्रामीण क्षेत्रहरुमा चिउरी, पैयुँ जस्ता दुदिलो प्रजातिका रूखहरु नासिँदै र गाउँघरतिर तोरीखेती गर्ने चलन हराउँदै जादा मौरी चरन क्षेत्रको अभाव भएको छ । मौरीलाई चरन क्षेत्रको अभावले मह उत्पादनमा कमी आएको कृषकहरुले बताएका छन् ।



विगत वर्षहरुको तुलनामा यस वर्ष अत्यधिक रुपमा वर्षाले बाढी, पहिरो तथा भूक्षयले क्षति पुऱ्याउनाका साथै कुकाठको नाममा सामुदायिक वनहरुले चिउरी, पैयुँ र दुदिलाका बोटहरु काटेकाले पुष्परसका बोटको अभावले मह उत्पादनमा कमी आएको उनीहरुको भनाइ छ ।जिल्लाका बेनी नगरपालिकालगायत मङ्गला, धवलागिरि, मालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाका विम, मराङ, ताकम, ज्यामरुककोट, रत्नेचौर, सिम, राखु, पात्लेखेत, अर्मन, बाबियाचौरलगायत गाउँमा व्यावसायिक रुपमा मौरीपालन गरेका कृषकले विगतका वर्षको तुलनामा यस वर्ष पुष्परसमा कमी आएको र मह उत्पादन कमी भएको बताएका छन् ।मालिका गाउँपालिका-२ का मौरीपालक कृषक टेकनाथ जैसीले तोरी, वुकी, पैयुँ, दुदिलोलगायत फूल तथा वनस्पतिमा यस वर्ष रसको मात्रा घटेको बताए । जैसीले विगतका वर्षहरुभन्दा यो वर्ष अत्यधिक वर्षा भएको र फूल फुल्ने समयमा बोटहरु ढालिएकाले यो वर्ष विगतको तुलनामा आधा मात्र मह उत्पादन भएको बताए । मौरी चरेर आइसकेपछि पनि पोटिला नदेखिनु र मह उत्पादनका लागि उपयुक्त मानिएको महिनामा पनि कम मह उत्पादन हुनुका कारण पुष्परसमा कमी आउनु नै हो, जैसीले भने ।मङ्गला गाउँपालिकाका कृषि प्राविधक जगत बानियाँले अत्यधिक वर्षा र त्यसपछि सुक्खा हावा चलेका कारण पुष्परसमा कमी आएकाले यस्तो समस्या उत्पन्न भएको बताउनुभयो । मौरीको गोलाको सङ्ख्या अत्यधिक रुपमा बढिरहेको छ । कृषकले भने चरन क्षेत्रमा ध्यान नदिएको र बढ्दो रासायनिक मलको प्रयोगका कारण परागसेचन प्रक्रियामा प्रभाव परेकाले फलफूलजन्य वनस्पतिमा रसको मात्रा कमी आउँदा मह उत्पादन कम भएको कृषि प्राविधिक बानियाँले बताए । कृषि ज्ञान केन्द्र म्याग्दीले मौरीपालक कृषकले मौरीको गोलासँगै चरन क्षेत्रको विस्तारमा ध्यान दिन कृषकलाई सल्लाह दिँदै घार वरिपरि बाँझो जग्गा नराख्न र विशेषगरी पुष्पजन्य बोटबिरुवा लगाउन अनुरोध गरेको छ ।जिल्लामा मौरीपालक कृषकहरुको सङ्ख्या बढ्दै गइरहेको छ । जिल्लाका छ वटा स्थानीय तहका दुई सयभन्दा बढी कृषक व्यावसायिक मौरीपालनमा लागेका स्थानीय तहका कृषि शाखाहरुले जनाएका छन् । रासस

# गाईगोरु पाल्नेलाई अनुदान

म्याग्दी, २७ मङ्सिर
म्याग्दीको जलजला गाउँपालिकाले गाईगोरु पाल्नेलाई अनुदान दिने भएको छ । पालिकाले स्थानीय गाई/गोरु संरक्षण कार्यक्रम अन्तर्गत किसानलाई अनुदान दिएर संरक्षणको पहल सुरु गरेको हो । धार्मिक, सांस्कृतिक, जैविक र पर्यावरणीय महत्व बोकेका स्थानीय जातका गाई र गोरु पाल्ने किसानलाई अनुदान दिने लागिएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताए । स्थानीय गाई/गोरु संरक्षण कार्यक्रममार्फत् अनुदान वितरणका लागि प्रस्ताव आह्वान गरिसकिएको उनको भनाइ छ । आधुनिक र व्यावसायिक पशुपालन तथा कृषि प्रवर्द्धनका साथसाथै स्थानीय जातका पशुको आनुवांशिक स्रोत संरक्षण गर्न गाईगोरु पाल्ने किसानलाई अनुदान दिन लागिएको हो । आर्थिक वर्ष २०७९/८० मा चार सयवटा गाईगोरुका लागि रु चार लाख अनुदान दिन लागिएको गाउँपालिकाले जनाएको छ । अनुदानका लागि आवेदन दिने किसानले गाईगोरुको बीमा अनिवार्य गर्नुपर्ने हुन्छ। जलजला-७ धाइरिङमा समुदायस्तरबाट गौशाला सञ्चालन गरेर स्थानीय जातको गाई पालिएको छ । गाउँपालिकाले चालु आवमा दूध सङ्कलन गर्ने ११ वटा समूह र सहकारीका लागि आवश्यक सामग्री उपलब्ध गराउन रु १५ लाख बजेट विनियोजन गरेको थियो भने गत आवमा स्थापना भएको गाईभैँसी पकेट विकास कार्यक्रमको निरन्तरताका लागि रु १२ लाख र नयाँ पकेट स्थापना गर्न रु २५ लाख बजेट विनियोजन गरेको छ । दूध सङ्कलन केन्द्र तथा सामग्री स्थापना कार्यक्रमका लागि समूह सहकारीबाट आवेदन माग गरिएको पशु सेवा शाखाका प्रमुख दीपक श्रेष्ठले बताए । यसअघिका वर्षमा गाउँपालिकाले कृत्रिम गर्भाधानबाट जन्मिएका गाईको बाच्छाबाच्छी र भैँसीका पाडापाडी हुर्काउने कृषकलाई पशुको सुत्केरी भत्ता, गोठ र बाख्राको खोर सुधारमा अनुदान दिएको थियो । रासस

# कृषि उत्पादन तथा नियन्त्रण प्रणाली कार्यान्वयनमा



सिन्धुपाल्चोक, २७ मङ्सिर
मेलम्ची नगरपालिकाले कृषि उत्पादन तथा नियन्त्रण प्रणाली सोमबारबाट कार्यान्वयनमा ल्याएको छ । किसान अनुदान कार्यक्रमलाई व्यवस्थित , कृषकको वर्गीकरण एवं कृषक परिचयपत्र वितरण र कृषिसँग सम्बन्धित तत्थ्याङ्कलाई अद्यावधिक गर्ने ध्येयले सो प्रणाली सञ्चालनमा ल्याइएको कृषि शाखा प्रमुख अमरनाथ आचार्यले जानकारी दिए । अब सो शाखाअन्तर्गत हुने विभिन्न कार्यक्रम तथा विवरणको अनलाइन माध्यमबाट हेर्न सकिने कृषि प्राविधिक हरिगोपाल श्रेष्ठले जानकारी दिए ।

प्रणालीमा संस्थागत विवरण, कृषक विवरण, जग्गाको वर्गीकरण, सूचना र प्रकाशन गरेर विभिन्न शीर्षकमा विभाजन गरी सहज बनाइएको छ । सो प्रणाली निर्माणमा ड्रिमवर्क सोलुशनका कार्यक्रम व्यवस्थापक किरण बमनुले सहजीकरण गरेका थिए । उनले नगरपालिकालाई सो प्रणाली हस्तान्तरण समेत गरे । अगामी दिनमा नगरपालिकाले कृषकको वर्गीकरण गरी कृषक परिचयपत्र वितरण गरिनुका साथै कृषि ऋणका लागि व्यावसायिक योजना निर्माण तथा विश्लेषणको कार्य सफ्टवेयरबाट सञ्चालन गरिने कृषि प्राविधिक श्रेष्ठले बताए । नेपाल शिक्षक महासङ्घ जिल्ला कार्यसमिति सिन्धुपाल्चोकले विभिन्न ३६ बुँदे माग राखी जिल्लाका १२ स्थानीय तहमा ध्यानाकर्षणपत्र बुझाएको छ । महासङ्घले अहिलेसम्म देशमा सङ्घीय शिक्षा ऐन बन्न नसक्नुलाई दुर्भाग्यपूर्ण भनेको छ । शिक्षा ऐन नबनेका कारण कार्यसम्पादनमा समस्या भएको उल्लेख गर्दै महासङ्घले सोमबार जिल्लाका सबै स्थानीय तहलाई ध्यानाकर्षणपत्र बुझाउने क्रममा मेलम्ची नगरपालिकामा पनि बुझाएको हो ।मेलम्ची नगर प्रमुख आइतमान तामाङले महासङ्घको मागप्रति नगरपालिका सकारात्मक रहेको बताए । उनले शिक्षक र स्थानीय तहले मात्रै शिक्षामा परिवर्तन गर्न नसक्ने भन्दै महासङ्घ, पेसागत सङ्गठन, अभिभावकलगायत सरोकारवालाको भूमिका उत्तिकै महत्वपूर्ण हुने बताए । ध्यानाकर्षणपत्रमा शिक्षक सरुवा गर्दा साविकका ऐन, नियमानुसार सहमतिका आधारमा गरिनुपर्ने, विद्यालय व्यवस्थापन समिति गठन गर्दा अध्यक्षलगायत बहुमत सदस्य अभिभावकमध्येबाटै छनोट गर्नुपर्ने, करार शिक्षक नियुक्ति गर्दा जिल्लाकै सूचीकृत विज्ञबाट गराउनुपर्ने, अनुमति र अभिलेखीकरण शिक्षा विकास तथा समन्वय एकाइले गर्नुपर्ने लगायतको माग उल्लेख गरिएको महासङ्घका जिल्ला अध्यक्ष कुमारप्रसाद खतिवडाले जानकारी दिए । सो अवसरमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृतकुमार धितालले आगामी शैक्षिकसत्रबाट स्थानीय पाठ्यक्रम लागू गर्ने जानकारी दिए । मेलम्ची नगरपालिकाका प्रमुख तामाङ र उपप्रमुख उमा प्रधानले संयुक्तरूपमा नगरपालिकासँगै रहेको गोदामघरको शुभारम्भ गरेका छन । भवन सञ्चालनमा आएसँगै अब लामो समयदेखि रहँदै आएको भण्डारणको समस्या अन्त्य हुने भएको छ ।

सो भवनबाट भण्डारणसहित स्वास्थ्य, कृषि र विपद् शाखाको सेवा पाइने नगरपालिकाले जनाएको छ । आर्थिक वर्ष २०७७/७८ मा बागमती प्रदेश सरकारबाट विनियोजित रु १९ लाख तीन हजार ३७ र आव २०७८/७९ मा आन्तरिक स्रोतबाट विनियोजित रु ३८ लाख ७० हजार आठ सय लागतमा नगरपालिकाको कार्यालय नजिकै उक्त स्गोदामघर भवन निर्माण गरिएको हो । रासस

# छात्रालाई झोला र स्टेशनरी

गोलबजार, २७ मङ्सिर

सप्तरीको बोदेबर्साइन नगरपालिकामा विद्यालय शिक्षाको पहुँचभन्दा बाहिर रहेका किशोरी अहिले औपचारिक शिक्षाका लागि नियमित विद्यालय जान थालेका छन् । विद्यालय बाहिर रहेका १० वर्षदेखि १४ वर्ष उमेरका किशोरीलाई विद्यालय शिक्षाको पहुँचमा पुऱ्याउन नगरपालिकाले विशेष पहल गरेपछि किशोरीहरु विद्यालय जान थालेका हुन् ।नगरपालिकाले किशोरीलाई विद्यालय जाँदा पुस्तक, झोला र स्टेशनरी प्रदान गरेपछि उनीहरु नियमित विद्यालय जान थालेका हुन् । बोदेवरसाइन नगरपालिका-३ की कुशमाहारकी १४ वर्षीया काजलकुमारीले किशोरी शिक्षा कार्यक्रम बरदान नै सावित भएको बताउछन् ।

अहिले कक्षा पाँचमा अध्ययनरत किशोरी काजलकुमारीले भने , अहिले नगरपालिकाले विद्यालय पढ्न जान हामी किशोरीलाई झोला र कपीकलम उपलब्ध गराएपछि विद्यालय जान हौसला बढेको छ। विद्यालयमा राम्रोसँग पढेर आफू जस्तै पढ्नबाट वञ्चित किशोरीलाई विद्यालयको पहुँचमा पुऱ्याउन भविष्यमा सहयोग गर्ने काजल बताउछन ।

यस्तै कक्षा दुई मात्र पढ्न पाएर घरायसी कारणले पढाइ छाडेकी बोदेवर्साइन नगरपालिका-३ गौरा बस्ने १३ वर्षीय सञ्जना पनि आफ्नै



घर नजिक सञ्चालन भएको किशोरी शिक्षा केन्द्रका कारण पुनः विद्यालयमा फर्किन पाएको मा खुसी व्यक्त गर्छन । उनी भन्छन, किशोरी शिक्षा कार्यक्रम र नगरपालिकाको सहयोगले हामी जस्तो किशोरीको जीवनमा शिक्षाको उज्यालो भरिदिएको हो ।

सञ्जना अहिले दौतरीसँगै स्थानीय चन्द्रा नमुना माध्यमिक विद्यालयमा कक्षा ५ मा पढन् पाएकोमा खुसी छन ।काजल र सञ्जना जस्तै विद्यालयको शिक्षादेखि बाहिर रहेका एक सय ९८ जना किशोरी अहिले नियमित विद्यालय जान थालेका छन् । नगरपालिकाले किशोरीलाई विद्यालयमा टिकाउन झोला र स्टेशनरी प्रदान गरी उनीहरुको औपचारिक शिक्षाको सारथी बनेको छ ।

बोदे बर्साइन नगरपालिका नगर शिक्षा अधिकृत रामसागर यादवले विद्यालय जान छाडेका किशोरीलाई विद्यालयमा ल्याउन सकेकामा ठूलो उपलिब्ध भएको बताउछन। किशोरीलाई विद्यालयमा टिकाउन निरन्तर रुपमा अनुगमन गर्नुका साथै अभिभावकसँग पनि भेटघाट गरी उत्प्रेरणा दिने काम गरिरहेका छौं, उनले भने अहिले किशोरीहरुलाई विद्यालय नियमित जानका लागि प्रोत्साहनस्वरुप झोला र स्टेशनरी उपलब्ध गराएका छौं। नगरपालिकाले युनिसेफको आर्थिक सहयोग तथा जिल्ला समन्वय समिति पर्साको प्राविधिक सहयोगमा किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरी नगरभित्र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउन किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरेको छ ।

कार्यक्रमअन्तर्गत नगरपालिकाका विभिन्न वडामा १० वटा किशोरी शिक्षा केन्द्र सञ्चालन गरेको छ। नौ महिनासम्म समुदायमा किशोरी शिक्षा कक्षा सञ्चालन गर्दा एक सय ९८ जना किशोरी सो कक्षामा अध्ययन गरी अहिले विद्यालयको नियमित शिक्षाका लागि विद्यालय जान थालेका छन् ।रासस

# घुमुवा प्रहरीहरुका कारण रौतहटमा तस्करी मौलाउदै

विकास अग्रवाल
रौतहट, मंसिर २७।

सादा पोशाकमा खटिएका सुरक्षाकर्मीका कारण रौतहटको विभिन्न स्थानबाट तस्करी कार्य निकै फस्टाउँदै गएको छ। सूचना संकलनका लागि खटाईएका सादा पोशाशका घुमुवा प्रहरीले विभिन्न स्थानबाट लाइन सञ्चालन गर्न अनुमती दिएपछि तस्करी बढेको हो । उनीहरुले दुवै देशबाट मालसमान निकाशी पैठारी गर्न लाइन वितरण गरेका छन् ।

घुमुवा प्रहरीले खाद्यान्न, लत्ताकपडा, सौन्दर्य सामग्री लगायतका वस्तुहरुमा जिल्लाका दर्जनौ व्यक्तिलाई लाइन दिएको नाम उल्लेख नगर्ने शर्तमा एक श्रोतले जानकारी दिए । जिल्लाको सदरमुकाम गौर, लक्ष्मीपुर, बन्जरहा, नरकटिया र बंकुल नाकाबाट अहिले व्यापक तस्करी भईरहेको श्रोतले जनाएको छ। श्रोतका अनुसार घुमुवा प्रहरीले गौर र लक्ष्मीपुरबाटोको बीच बाटो भएर गौर नगरपालिका १ का राजेश पासवानलाई सौन्दर्यकरणको समान भारत पैठारीका लागि लाइन दिएको जनाएको छ। नेपालमा उत्पादित युनिलिभर नेपालको सौन्दर्यकरण क्रिमहरुको मुल्य सस्तो पर्ने भएकोले भारतमा यस्को माँग अत्यधिक रहेको छ। भारतको बैरगनिया निवासी श्याम तेलीलाई पठाउँने उक्त युनिलिभरको सौन्दर्यकरण सामग्री बिहार राज्यमा पुग्दै आएको छ । नेपालमा रहेको मुल्य भारतमा पुग्दा भारतीय मुद्रा अनुसारनै बिक्री वितरण हुने गरेको छ । लाइन लिएका पासवानले अवैध रुपमा दैनिक पाँच लाखसम्मको समान भारत पठाउँदै आएपनि सुरक्षाकर्मीले नियन्त्रण गर्न सकेको छैन । पासवानले गौरको मुख्य सडकमै गोदाम भाडामा लिएर समेत राखेका छन्। यसैगरी भारतबाट अवैध रुपमा रेडिमेड लत्ताकपडा नेपाल भित्राउन बन्जरहाको नाका भएर अनरजितलाई लाइन सञ्चालन गर्दे आएको श्रोतको दाबी रहेको छ । यस्तै लक्ष्मीपुर नाका भएर कपडा तथा चप्पलका लागि निरज जयसवाल, रेडिमेड कपडाका लागि रुपेश यादव र पण्डित भन्नेले लाइन सञ्चालन गर्दे आएको बुझिएको छ । घुमुवा प्रहरीले मासिक केही रकम बुझेर लाइन वितरण गर्दा सरकारको दैनिक लाखौं रुपैया क्षती समेत हुँदै आएको छ । लाइन वितरण हुँदा रकम दिन ढिलाई अथवा नँया कारोबारीहरुले लाइन बिनानै मालसमान ल्याउँदा सुरक्षाकर्मीले समातेर मात्र देखावती काम गर्दे आएको गुनासो पीडित कारोबारीहरुको रहेको छ । समय अगावै रकम दिए कुनै समस्या हुँदैन तर, एक दिनको ढिलो अथवा लाइन सञ्चालन गरेका व्यक्तिहरुको भनसुनको आधारमा अन्य कारोबारीहरुको मालसमान समातिन्छ नाम उल्लेख नगर्ने शर्तमा लक्ष्मीपुर वेलविछ्वाका एक स्थानीय कारोबारीले बताए। यता गौर भन्सार कार्यालयका प्रमुख वासु नेपालले पनि तस्करी कार्य बढेकोले राजस्व संकलनमा कमी आएको जिकिर गरेका छन् । खुल्ला सीमाका कारण पुर्ण रुपमा तस्करी नियन्त्रण हुन नसकेपनि सीमा क्षेत्रमा रहेका सुरक्षाकर्मीले केही हदसम्म नियन्त्रण गर्न सकिने हुन्छ ।

यसैबिच नाम अनुसारका व्यक्तिहरुले तस्करी गर्दे आएको बारेमा आफु अनभिज्ञ रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी वीरबहादुर बुढा मगरले जानकारी दिए । राजस्व प्रभावित हुने कुनै प्रकारको तस्करी नभएको बताउदै उनले यदी कुनै कुरा छ भने छानबिन गरिने प्रतिबद्धता समेत व्यक्त गरेका छन। यता यस विषयमा शसस्त्र प्रहरी बल ११ नम्बर हेडक्वाटरका एसपी ध्रुव कार्कीसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन् ।

# रौतहटका अधिकांश पालिकाले गर्न सकेन भूमि वर्गीकरण

मुकेश कुमार साह
रौतहट, मंसिर २७।

रौतहटमा १८ वटा पालिका छन्, १६ नगरपालिका र २ वटा गाउँ पालिका । तर अधिकांश पालिकाले जग्गाको वर्गीकरण गर्न सकेका छैनन् ।सरकारले भूउपयोग क्षेत्र वर्गीकरण अन्तर्गत यही मंसिर २३ सम्म प्रत्येक पालिकाले आफ्नो क्षेत्रभित्र पर्ने सम्पूर्ण जग्गालाई गैर कृषि क्षेत्र र कृषि क्षेत्रमा वर्गीकरण गर्नुपर्ने निर्देशन दिएको भएता पनि रौतहटका पालिकाहरुले बर्गिकरण गर्न सकेनन्। भूउपयोग क्षेत्र वर्गीकरणको काम नसक्दा कित्ताकाटमा समस्या आएको छ ।रौतहटमा ४ वटा मालपोत कार्यालय रहेका छन । गौर,गरुडा,चन्द्रपुर र मौलापुर गरी ४ वटा मालपोत कार्यालयबाट सेवा प्रदान गरिदैं आएको छ । जस मध्यचन्द्रपुर नगरपालिका र इशनाथनगरपालिकाले मात्र भूउपयोग क्षेत्र वर्गीकरण गर्न सके। गौर मालपोत कार्यालय अन्र्तगत इशनाथ नगरपालिकाले मात्रै भूउपयोग क्षेत्र वर्गीकरणको निर्णय गरेको सो कार्यालयका प्रमुख जयमंगल साहले जानकारी दिएका छन् ।

गौर मालपोत कार्यालय अन्र्तरगत ६ वटा नगरपालिका र २ वटा गाउपालिका रहेका छन् । मालपोत कार्यालय चन्द्रनिगापुर अन्र्तगत चन्द्रपुर नगरपालिकाले मात्रै जमिन वर्गिकरणको काम सम्पन्न गरेको मालपोत कार्यालय चन्द्रनिगाहपुरका नायब सुब्बा केशब भट्टराईले जानकारी दिएका छन् ।

यो कार्यालय मातहत ५ वटा नगरपालिका रहेकोमा चन्द्रपुरले मात्रै भूउपयोग क्षेत्र वर्गीकरणको निर्णय गरेको नायब सुब्बा भट्टराईले बताए ।

यस्तै गरुडा मालपोत कार्यालय अन्र्तरगत रहेका ६ वटा पालिकामा कुनै पलिकाले पनि जमिनको वर्गिकरण निर्णय नगरेको सो कार्यालयका प्रमुख रबिन्द्र कापडले जानकारी दिएका छन् । यसैगरी मालपोत कार्यालय मौलापुर अन्र्तरगत पनि कुनै पनिपालिकाले सो निर्णय नगरेको कार्यालयका प्रमुख बबुनन्दन साहले जानकारी दिए ।

स्थानीय तहले भूउपयोग क्षेत्र निर्धारण सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गत साउन ३१ नैं सुचना जारी गर्दै प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रको जग्गालाई २०७९ /८/२३ गते भित्र कम्तीमा कृषि क्षेत्र र गैरकृषि क्षेत्र छुट्याउनु पर्ने व्यवस्थागर्न भनेको थियो । जग्गावर्गीकरण नहुँदा घरजग्गाको कारोबारमै गम्भीर असर परेको छ । लामो समयदेखि घरजग्गाव्यवसायीहरु पनि जग्गावर्गीकरण हुनेमा शंका गर्दै आएका छन् ।

## मधेशी दलको सत्तास्वार्थले ..................

छ । २३ सिट ल्याएर एमाले पहिलो, २२ सिट ल्याएर काँग्रेस दोश्रो ठूलो दल बनेका छन् भने १६ सिट ल्याएर जसपा तेश्रो र ९ सिट ल्याएर लोसपा पाँचौ स्थानमा झरेको छ ।

### मधेशी जनताले रुचाएनन्

२०७९ को निर्वाचन परिणामलाई हेर्दा मधेश केन्द्रित राजनीति गर्दै आएका दल जसपा र लोसपाको शक्ति क्षिण भएको छ। निर्वाचनबाट यस्तो परिणाम आउने कल्पना समेत नगरेको दुवै पार्टीलाई मधेशी जनताले रुचाएनन् ।

मधेश प्रदेशमा ५ बर्ष सत्ता सञ्चालन गरेका जसपा प्रत्यक्षतर्फको निर्वाचन परिणाम अनुसार ९ सिटमा खुम्चियो । २०७४ मा प्रत्यक्ष तर्फ २० सिट जितेको थियो। २०७४ मा प्रत्यक्ष तर्फ १५ सिट जितेका लोसपा यसपालीको निर्वाचनमा ७ सिटमा सिमित भएको छ ।

मधेश केन्द्रित भएर राजनीति गर्ने दलहरुको मधेश प्रदेशमै यो अवस्था आउनुमा उनीहरु आफै जिम्मेवार भएको बताउँछन् नेपाल पत्रकार महासंघका पुर्व अध्यक्ष व्याशशंकर उपाध्याय । टुट फुटको राजनीतिलाई प्राथमिकता दिनुको कारण उनीहरुको यो अवस्था भएको उनको तर्क छ ।

विगतमा जनता संग प्रतिवद्धता जनाए अनुसारको काम गर्न नसेको कारण जनताले मधेश केन्द्रित दलहरुलाई तल झारेको उपाध्यायले बताए । "अहिले सम्म खाली सपना बाँड्ने काम भए तर, पुरा गरिएन । शोशित उत्पीडित दलितको नारा दिएर सत्तामा पुगे तर, उनीहरुलाई परिवर्तनको प्रत्याभूती गराउन सकेनन्, त्यसैले हिजो बलियो बनाउने जनताले आज कमजोर बनाए" उपाध्यायले भने ।

### बलियो एमाले-काँग्रेस

मधेश केन्द्रित दलहरु प्रति असंतुष्टि बढेकै कारण मधेश प्रदेशमा एमाले-काँग्रेस बलियो बनेको छ बरिष्ठ अधिवक्ता अवधेश कुमार सिंहले बताए । उनले मधेश केन्द्रित दलहरु सत्ता र कुर्सीलाई प्राथमिकता दिएका कारण मधेशी जनतामा वितृष्णा बढेको र यो परिणाम आएको तर्क गरे ।

२०७४ को चुनावमा एमालेले प्रत्यक्ष तर्फ १४ र समानुपातिक तर्फ ७ गरि २१ सिट ल्याएका थिए । यस पटकको निर्वाचनमा प्रत्यक्ष तर्फ १५ र समानुपातिक तर्फ ८ सिट गरी २३ सिट प्राप्त गरेर पहिलो दल बनेको छ ।

नेपाली काँग्रेसले २०७४ मा प्रत्यक्ष तर्फ ८ र समानुपातिक तर्फ ११ सिट गरि १९ सिट प्राप्त गरेका थिए । यसपालिको निर्वाचनमा प्रत्यक्ष तर्फ १३ र समानुपातिक तर्फ ९ गरि २२ सिट ल्याएर दोश्रा दल बनेका छन् ।

गएको ५ बर्षमा मधेश प्रदेशमा भ्रष्टाचार र कुशासन बढेकोले राष्ट्रिय राजनीतिका ठूला दलहरुले जनताले रुचाएको मधेशको राजनीतिलाई नजिकबाट नियाल्दै आएका वरिष्ठ अधिवक्ता अवधेश कुमार सिंहको विश्लेषण छ । "मधेशमा शाख जोगाउन धौ-धौ परेका एमाले-काँग्रेस मधेशी दलहरुकै कारण बलियो भएको छ, यो मधेशी दलप्रति जनतामा छाएको वितृष्णाको परिणाम हो ।" सिंहले भने ।

### जनमत निर्णायक शक्ति

२०७९ को प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा पहिलो पटक सहभागी भएका जनमत पार्टी बैकल्पिक शक्तिको रुपमा उदाएका छन् ।

जनमतले प्रत्यक्षमा ६ सिट जितेको छ भने समानुपातिक तर्फ ७ सिट ल्याएर १३ सित जितेर मधेश प्रदेशमा बैकल्पिक शक्तिको रुपमा उदाएका हुन् । जसपा र लोसपाले चुनाव अघि जनमत पार्टीलाई त्यति महत्व दिएको थिएनन् तर, मधेश प्रदेशमा चौथो शक्तिको रुपमा जनमत उदाएका छन् ।

मधेशमा जसपा र लोसपाको कार्यशैली प्रति आम जनतामा बढ्दै गएको अविश्वासले जनमत पार्टीलाई चौथो शक्तिको रुपमा मधेशी जनताले स्थापित गरेको बरिष्ठ अधिवक्ता सिंहको विश्लेषण छ ।

मधेश प्रदेशको निर्वाचन परिणामलाई हेर्दा यो प्रदेशमा सरकार गठनका लागि निर्णायक शक्ति जनमत पार्टी रहेको देखिन्छ ।

। "मधेशवाद के हो ? मलाई थाहा छैन्" केही बर्ष अघि एउटा अन्तरवार्तामा भनेका थिए जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव । त्यस लगत्तै "हामी अव मधेशवादी सधेशवादी होईनौं" नेता राजेन्द्र महतोले बोलेको भिडियो भारईरल भयो समाजिक सञ्जालमा ।

१० बैशाख २०७७ को मध्यरातमा उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकिकरण भयो। पार्टी एकताको सहमती पत्रमा समाजवादीबाट डा.बाबुराम भट्टराई, उपेन्द्र यादव, अशोक राई र राजेन्द्र श्रेष्ठले तथा राजपाको तर्फबाट महन्थ ठाकुर, राजेन्द्र महतो, महेन्द्र राय यादव र शरदसिंह भण्डारीले हस्ताक्षर गरेका थिए ।

दुवै पार्टी एकिकरण भएर जनता समाजवादी पार्टी (जसपा) बनेपछि देशको बैकल्पिक शक्ति बनाउने लक्ष्य लिएर अगाडी बढेपछि नेता यादव र महतोले मधेशबादको बारेमा यसरी प्रतिक्रिया दिएका हुन् ।

२२ आसार २०७८ सम्म आईपुग्दा जसपा फुट्यो । साढे १४ महिना सम्म एकै पार्टीमा बसेका मधेश केन्द्रित नेताहरु पार्टी फुटाएर दुईधारमा विभाजन भए । पुरानो राजपाको ठाउँमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बन्यो ।

१०७ प्रदेशसभा सदस्य रहेको मधेश प्रदेशसभामा २०७४ को निर्वाचन पछि मधेश केन्द्रित राजनीति गर्दै आएका दुवैदलले ५४ सिट पुऱ्याएर सरकार गठन गरेका थिए। तर, २०७९ को आम निर्वाचन सम्म आई पुग्दा दुवै दलको शक्ति क्षिण भएको छ ।

मधेश केन्द्रित दलहरु विभाजन भएको असर २०७९ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको परिणामले देखाएको छ ।

२०७४ को आम निर्वाचनमा २९ सिट जितेर जनता समाजवादी पार्टी (जसपा) मधेश प्रदेशमा सबै भन्दा ठूलो दल बनेका थिए भने २५ सिट जितेर दोश्रो ठूलो दल बने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ।

गुट र फुटको राजनीतिका कारण यस पटकको निर्वाचनमा दुवै दललाई ठूलो झट्का लागेको छ । जसपा प्रत्यक्ष र समानुपाति गरी १६ सिटमा खुम्चिएका छन् भने लोसपाले ९ ल्याए। दुवै दलको सिट संख्या जोड्दा २५ सिटमा चित्त बुझाउनुपर्ने अवस्था आएको छ ।


विगत ५ बर्षदेखि मधेश प्रदेश सरकारको नेतृत्व गरेका जसपाले यो चुनावमा भने अपेक्षा अनुसारको परिणाम ल्याउन सकेन । एमाले र काँग्रेसलाई मधेशको शत्रु बताउँदै आएका थिए जसपा अध्यक्ष यादव ।

तर, यसपालिको निर्वाचन परिणामले एमाले-जसपा मधेश प्रदेशमा बलियो भएको छ। २३ सिट ल्याएर एमाले पहिलो, २२ सिट ल्याएर काँग्रेस दोश्रो ठूलो दल बनेका छन् भने १६ सिट ल्याएर जसपा तेश्रो र ९ सिट ल्याएर लोसपा पाँचौ स्थानमा झरेको छ ।

# "स्थिरता र विकासका लागि निश्चित अवधिसम्म गठबन्धन रहनुपर्छ"

काठमाडौं, २७ मङ्सिर

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सत्ता गठबन्धनमै रहने भएको छ । लोसपाका अध्यक्ष महन्थ ठाकुरले राजनीतिक स्थिरता र विकासका लागि आफ्नो पार्टी निश्चित समयसम्म गठबन्धनमा रहनुपर्ने आवश्यकता औंल्याए । लोसपाका शीर्ष नेताहरुको बैठकले पाँचदलीय सत्ता गठबन्धन नेतृत्वको सरकारमा सहभागी हुनेबारे समान धारणा बनाएको उनले राससलाई जानकारी दिए । उनले भने , सत्तामा गए पनि नगए पनि गठबन्धन कायम होस् भन्ने हाम्रो भावना छ । सत्तामा सहभागी हुनु ठूलो कुरा होइन, कमसेकम राजनीतिक अस्थिरताले विकासको काममा असर पर्छ, त्यसैले स्थिरता र विकासका लागि निश्चित अवधिसम्म गठबन्धन रहनुपर्छ । उनले कोभिड-१९ महामारी लगायतका कारण जुनसुकै सरकार बने पनि राजनीतिक स्थिरता र मुलुकको समग्र आर्थिक विकासमा केन्द्रित हुनुपर्ने आवश्यकतामा जोड दिए । अध्यक्ष ठाकुरले सत्ता गठबन्धनमा सहभागी हुनेलगायत समसामयिक विषयमा आज साँझ प्रधानमन्त्री शेरबहादुर देउवासँग कुराकानी हुने पनि जानकारी दिए । हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको अन्तिम मतपरिणाम आजै सार्वजनिक हुने र त्यसपछि नयाँ सरकार गठनका लागि दलहरुले पहल कदमी अघि बढाउने बुझिएको छ । लोसपाका वरिष्ठ नेता शरत्सिंह भण्डारीले सत्ता गठबन्धनमा सहभागी हुनेबारे पार्टीका शीर्ष नेताहरुको बैठकले निर्णय गरिसकेको बताए । उनले भने , हिजो हामी निर्वाचनमा पनि गठबन्धन



गरेर गएका थियौं, अहिले निर्वाचनपछि पनि स्वाभाविक रुपमा सत्ता गठबन्धनमा रहन्छौं, नयाँ बन्ने सरकारलाई लोसपाको समर्थन रहन्छ ।सत्ता गठबन्धनमा सहभागी हुनेबारे औपचारिक निर्णय गर्न लोसपाको छिट्टै कार्यकारिणी समितिको बैठक बोलाइएको पनि नेता भण्डारीले जानकारी दिए । लोसपाको कार्यकारिणी समितिको बैठक पुसको पहिलो साता बस्ने जनाइएको छ । लोसपाले प्रतिनिधिसभामा चार सिट जितेको छ । रासस

## पोखरी डिल टेण्डर..................

गरिसकेको कुनै होटललाई व्यवसायिक प्रयोजनका लागि जग्गा दिने उद्देश्यले आह्वान गरिएको टेण्डर रद्द गरी केन्द्रको लिज म्याद थप गर्न सहितका माग सहित निवेदन दर्ता गराएका थिए ।

केन्द्रले सो निवेदनमा २०७८ कात्तिक २९ गते नै म्याद थपका लागि दिएको र पटक पटक ताकेता गर्दा पनि म्याद गरिएन । तर निर्माणाधीन होटललाई व्यवसायिक प्रयोजनका लागि दिने उद्देश्यले ३० वर्षको म्याद सहितको टेण्डर के कति आधारमा जारी गरिएको कुरा प्रष्ट पारिदिन गुठी संस्थानसँग माग समेत गरेका छन ।

केन्द्रका अध्यक्ष कौशलकिशोर यादवले होटलवालालाई दिने गरी ३० वर्षका लागि लिजमा दिने भनी गरिएको टेण्डर रद्द गरी मानव स्वस्थ्य जीवनको सामुदायिक हितका लागि स्थापना गरिएको योग शिविरलाई संचालन निरन्तरता दिन हालको बहाल दरमा केही प्रतिशत वृद्धि गरी लिज म्याद थप गर्न माँग गरेको छौ बताए। उनले भने यदि आफूहरुको म्याद थप नगरी होटलको पार्किंगका लागि ३० वर्षे लिज दिइयो भने आफूहरु गुठी संस्थान विरुद्ध सडक आन्दोलनमा उत्रनेछौं ।

उता वृहतर समेतले आफ्नो संरक्षित क्षेत्रभित्र रहेको सो पापमोचनी सर पोखरी डिलको जग्गा आफूसँग कुनै छलफल नै नगरी व्यवसायिक प्रयोजनका लागि भाडामा दिने उद्देश्यले के कति कारणले टेण्डर आह्वान गरिएको भनी त्यसलाई रद्द गर्न माग गर्दै केन्द्रिय कार्यालयमा निवेदन दर्ता गराएका हो ।

आफ्नो संरक्षण क्षेत्रभित्र रहेका पोखरीको अस्तित्व मेटिने गरी के कति आधारमा टेण्डर आह्वान गरिएको भनी प्रष्ट पार्न र सो टेण्डर रद्द गर्न माग सहितको निवेदन दर्ता गराएको वृहत्तरका अध्यक्ष शितल साहले बताएका छन । उनले भने टेण्डर रद्द नगरिए आफूहरु आफ्नो अधिकारका लागि अदालतसम्म जानेछौं ।

योजना साधना केन्द्रको दबावपछि गुठी संस्थान जनकपुरधामले तिनीहरुलाई झुक्याउन केन्द्रलाई विगतमा लिजमा दिइएको व्योहरा उल्लेख गर्दै बिना प्रतिष्पर्धा म्याद थप नहुने भएकोले त्यहाँबाट टेण्डार आह्वान गरिएको जनाउँदै केन्द्रद्वारा टेण्डर स्थगित गर्न माग आएकाले स्पष्ट निर्देशन दिन भनी केन्द्रिय कार्यालयलाई पत्र लेखेका छन । जनकपुरधाम गुठीको लेखाईले प्रष्ट हुन्छ कि विरोधीलाई टेण्डरको अवधिसम्म झुक्याई राख्ने उद्देश्य रहेको छ ।

टेण्डर केन्द्रिय कार्यालयबाट भएको छ, के गर्ने भनी निर्देशन जिल्ला शाखाले माग गरेका छन । शाब्दिक जालझेलमा राखेर अन्त्यमा टेण्डर सफल पार्ने उद्देश्य नियत जनकपुर गुठीको रहेको देखिन्छ । धार्मिक नगर जनकपुरधाम भित्रका पोखरी मठ मन्दिरको जग्गा अतिक्रमणमुक्त गराउन आवाज उठिरहेको बेला संरक्षकका रुपमा रहेका गुठी संस्थानले संस्थागत रुपमा अतिक्रमण गराउने कार्यमा जुटेका कुरा गुठीले सो पोखरी डिलको जग्गा होटलको पार्किंगको लागि दिन लागेको हो ।

वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् अगाडि रहेको सो पोखरीको उत्तरतर्फको डिलमा रहेको सिट नं. १३५५–१७ को किता नं. ५८ को ७ धुर जग्गा गुठी संस्थानले ऐन विपरित ती संचालकसँग लाखौ रुपैया रकम लिई ३० वर्षको लिज (भाडा) मा दिन लागेको आरोप लागि रहेको छ ।

व्यवसायिक प्रयोजनका लागि पोखरीको डिलको जग्गा भाडामा लगाउन पाइदैन भनी चौतर्फी विरोध भइरहेका बेला गुठी संस्थान जनकपुरधामले मेरो आफ्नो जग्गा भाडा किन लगाउन पाउदैनौ ढांटदै गुठीलाई भाडा लगाउनबाट कसैले रोक्न पाउदैन भनी चेतावनी समेत दिएका थिए । जनकपुरधामका एक प्रतिष्ठित संचारमाध्यमका पदाधिकारीले सञ्चालन गर्न लागेको वृहत्तरको अगाडि र जानकी हेल्थकेयर हस्पीटलको पछाडि रसिक बिहारी तेली कुटीसँग जोडिएका रहेको निर्माणाधीन ती होटल शुरुदेखि नै विवादित रहेको छ ।

निर्माण शुरु गर्न लाग्दा बाटोका लागि तेली कुट्टीको पर्खाल भत्काउंदा विवाद मात्रै होइन कुटाकुट समेत ती सञ्चार माध्यमका पदाधिकारी पक्ष र वैश्य समुदायका पक्षबीच भएको थियो । महिनौदेखि विवादका कारण बाटो रोकिएपछि जनकपुरधाम उपमहानगरपालिकाका निर्वतमान मेयर लालकिशोर साहले आर्थिक चलखेलमा नक्सामै किताकात गरी बाटो कायम गराएको थियो ।

पछि चौतर्फी विरोध भएपछि मालपोत कार्यालय धनुषा र गुठी संस्थानद्वारा बाटो किताकाट रद्द गर्न लिखित रुपमै निर्देशन दिएपनि नरोकिंदा अदालतबाट रोक्न लगाइएको थियो । अदालतबाट रोक्का गरिएपछि होटल सञ्चालकले प्रदेश सरकारका मुख्यमन्त्री लालबाबु राउतलाई प्रभावमा पारेर मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम मार्फत पोखरी सौन्दर्यकरणको नाममा घाट बनाउन पोखरी पुरेर दुवैतर्फ २०/२० बाटो कायम गराउन सफल भयो ।

अब पार्किंगको लागि जग्गा आभाव भएपछि योग साधना केन्द्र संचालन रहेको जग्गा लिजमा लिन गुठीबाट टेण्डर आह्वान गराएको छ । श्रोतका अनुसार ४ वटा आवेदन विक्री भइसकेको छ । ती आवेदन प्रतिष्पर्धा प्रक्रिया पुरा गर्न होटल संचालककै मान्छेहरुले खरीद गरेका छन । अन्य व्यक्त आवेदन खरीद गर्न जाँदा काठमाडौबाट खरीद गर्नु भनी जनकपुर गुठीले फर्काउने गरेको छ ।

## एमाले मधेश ईन्चार्ज ..................

निर्वाचनमा बारा ४ (क) मा एउटा प्रदेशसभा सदस्य मात्रै जितेको एमालेले यसपटक २ वटा संघ सहित ४ वटा प्रदेशसभा सदस्यमा निर्वाचित भएको हो । त्यसैगरी समानुपातिक तर्फ पनि बारामा एमालेले करिव ६० हजार ३३८ हजार मत ल्याएर मधेशप्रदेश सबैभन्दा धेरै मत ल्याउने जिल्ला भएको छ। नाम नखुलाउने सर्तमा नेकपा एमाले बाराका एक प्रदेश कमिटी सदस्यले प्रदेशसभा सदस्यमा २ देखि ३ वटा सिट बाराले पाउनुपर्नेमा एमाले नेता महासेठले एकलौटी निर्णय गरेर सबै सिट आफ्नो कब्जामा राखेको आरोप लगाएका छन् । 'बारा ३ (क) को प्रदेश स्तरिय भेलामा मधेश प्रदेश ईन्चार्ज महासेठको कार्यशैलीको साथीहरुले खुलेरै विरोध गरेका छन्, प्रदेश ईन्चार्ज भएर सबै सिट आफु केन्द्रीत राख्नुभयो, यत्रो मत दिएको बारा जिल्लालाई उपेक्षा गर्नुभएको छ, भोलीको दिनमा हामीले यस्को हिसाबकिताव खोज्नेछौं' एक प्रदेशसभा सदस्यले भने। एमाले नेता महासेठले मधेशप्रदेशका ८ जिल्ला मध्ये सर्लाही, सप्तरी, महोत्तरीबाट एकजना पनि समावेश नगरेको भन्दै छलफलमा सहभागीहरुले गुनासो गरेका छन् । यता, एमाले बारा जिल्ला बिनोद साहले सामाजिक सञ्जाल मार्फत सार्वजनिक रुपमा मंसिर ४ गते सम्पन्न निर्वाचनमा रातदिन नभनी खटेका कार्यकर्ताहरु समानुपातिक सदस्यमा समावेश नहुदाँ निराशा छाएको बताएका छन् । 'हामी अव जनतामा कसरी जाने र के भन्ने ? जब की बारा ३ मा सबै गठबन्धन पछि पार्दै हामीले जित हासिल गरेका छौ' अध्यक्ष साहले भने ।



टोपशट - पूर्व राष्ट्रपति पेड्रो कास्टिलोका समर्थकहरूले डिसेम्बर १२, २०२२ मा लिमामा कांग्रेस नजिकैको प्रदर्शनको क्रममा दंगा पुलिसमा पटाका चलाए। - पेरूमा सोमबार थप दुई प्रदर्शनकारीको मृत्यु भयो किनभने पूर्व राष्ट्रपतिलाई अपदस्थ गरेकोमा हिंसात्मक प्रदर्शनले मर्ने कुनै संकेत देखाएन। तल - उसको उत्तराधिकारीले अशान्तिलाई शान्त पार्ने प्रयासहरूको बावजुद। गत हप्ता वामपन्थी पेड्रो कास्टिलोलाई कूको प्रयासको आरोप लगाइएपछि, महाभियोग लगाइयो र गत हप्ता पक्राउ परेपछि बढ्दो विरोधमा चार जनाको मृत्यु भएको छ । *(फोटो: अर्नेस्टो बेनाभिड्स / एएफपी)*

# राष्ट्रिय खेलाडीको अनुभव : स्वदेशमै खेलमा बांच्ने आधार चाहियो

काठमाण्डौ,मंसिर २७

प्रदीप लम्साल उमेरले २० वर्षको हुनुभयो । अहिले उहाँ 'ए' डिभिजन लिग फुटबल खेलमा छनोट भएर एक सिजनको खेल खेलिसकेका छन । व्यवस्थापन सङ्कायमा काठमाडौंमा स्नातक तहको प्रथम वर्षमा अध्ययनरत उहाँलाई फुटबलप्रतिको मोह, लगाव र प्रेम असाध्यै छ। दश वर्षको उमेरदेखि नै फुटबलमा जिज्ञासु र मेहनतका साथ खेल्ने उहाँ सक्षम र अनुशासित खेलाडीको रुपमा कहलिएका छन । फुटबल अहिले उनलाई एक किसिमको नशा नै बनेको छ। फुटबल खेलमा मेरो माया प्रेम गहिरो बसेको छ, सानैदेखि नै यसमै ध्यान दिएर खेल्ने गर्थे उनले भने , खेललाई आफूले नै भित्रदेखि नै खेल्छु भन्ने दृढ सङ्कल्प लिइयो भने सफलता प्राप्त गरिने रहेछ । स्थानीयस्तरका विभिन्न सङ्घ संस्था, क्लबको आयोजनामा हुने खेलमा समूहमार्फत खुला प्रतिस्पर्धा गर्ने क्रममा उनी 'बी' डिभिजन लिगअन्तर्गतको खेल खेल्न पुगे । अथक मेहनत र प्रयासले अहिले 'ए' डिभिजन तहको खेल खेल्ने अवस्था सिर्जना गरेकामा उनी अत्यन्तै उत्साहित छन । 'ए' डिभिजन लिगमा पुगेपछि खेलमा आत्मबल र मोह झन् बढ्दै गएको छ । खेलकुदमा सुन्दर भविष्य बुन्नुभएका लम्साल स्वदेशमै खेलाडीलाई जिउने अवसर राज्यले सिर्जना गर्नुपर्ने बताउछन । खेलमा भविष्य नभएको होइन, राम्रा खेलाडी नेपालमा उत्पादन भएका छन्, तर खेल खेलेर अहिले राम्रो खेलाडीको पहिचान दिनसक्ने भएका छन । कक्षा १२ सम्मको अध्ययनलाई बीचमै बिट मार्दै बाँकी समय खेल क्षेत्रमै बिताउँने सङ्कल्प लिएर अगाडि बढ्नुभएको छ । खेलमा सबै उमेर समूहको रुचि हुन्छ । खेल क्षेत्रलाई विकास गरेर राम्रो वातावरण तयार पारियो भने लुकेर रहेका प्रतिभाको विकास हुनेछ ।

खेलमैदान, एकेडेमी सञ्चालन गरेर नयाँ नयाँ पुस्तालाई सानैदेखि खेल्ने वातावरण तयार पार्न स्थानीय सरकार, परिवार, समाजले अहम् भूमिका खेल्नुपर्ने उनको भनाइ छ । खेलकुदको क्षेत्रमा धेरै सङ्घर्ष गरियो, गाउँघरमा राम्रो खेलमैदान नभए पनि चउर, सडक क्षेत्रमा नै फुटबल भनेपछि खाली खुट्टा पनि खेलिन्थ्यो, अभ्यास निरन्तर गरियो भने क्षमता विकास हुँदै जाने रहेछ उनले भने । विश्वकप खेलबाट प्रभावित भएर सानैदेखि नै अभ्यास गर्दै जाँदा 'ए' डिभिजन लिगको खेल खेल्ने वातावरण आफूले बनाएकोमा उहाँ गर्व गर्छन । उनका अनुसार स्थानीयस्तरका खेलकुदको दाजोमा लिगमा खेलाडीले बढी तनाब र दबाब भोग्नुपर्नेछ । सानैदेखि नै खेल्ने वातावरण बन्यो भने बाहिर प्रतिस्पर्धामा जाँदा हतोत्साहित हुननपर्ने उनको बुझाइ छ । वालिङ स्याङ्जाका टकराज गुरुङ खेलकुदमा नै भविष्य बनाउने गरी कक्षा १२ को अध्ययनपश्चात् यसै क्षेत्रमा रम्दै छन । नेपालमा राम्रो नीति र व्यवस्था नहुँदा व्यावसायिक रुपमा बाँच्ने राम्रो वातावरण सम्भावना बोकेको र दर्शकको उत्साह राम्रो पाएको बताउछन । पहिला टिम प्रशिक्षकका रुपमा काम गरेका उनी यो क्षेत्रमा खेलकुदलाई प्राथमिकता दिएर काम गरेमा राम्रो खेलाडी उत्पादन गर्ने थलोको रुपमा चिनिने उनले बताए। नेताहरुले खेल क्षेत्रमा राम्रो गरेका छौं भनेर भाषणमा विभिन्न अभिव्यक्ति सुनिन्छन्, अहिलेको युगमा पनि पुरानै दशरथ रङ्गशालामा खेल खेलाउनुपर्ने बाध्यता छ, हाम्रा देशमा ठूला-ठूला पूर्वाधार छन्, बजेट विनियोजन गरेर त्यसलाई स्तरोन्नति गर्दै लैजानुपर्नेछ, यसमा सरोकारवाला निकायले ध्यान दिनुपर्‍यो उनले भने । प्यारापिट जडान गरेर रामपुर गोल्ड कपका नामले नेपालको राष्ट्रियस्तरको गोल्डकप गर्न सक्ने ठाउँ बन्ने उनले देखेका छन । यहाँ राष्ट्रियस्तरका खेलाडी विभिन्न स्थानबाट खेल खेल्न भित्रिने गरेकाले राजनीतिक दलका व्यक्तिले खेलमा राजनीतिकरण नगरिकन खेलकुदको विकासमा चासो दिनुपर्ने उनको भनाइ छ । खेलले एउटा भूगोल, क्षेत्रको मात्रै चिनारी नभइ दुर्व्यसनीमा लागेका युवालाई सही मार्गमा लगाउने माध्यमको रुपमा पनि लिने गरिन्छ । कतिपय बालबालिका, युवा खेल खेल्ने ठाउँ नपाएर दुर्व्यसनीमा लागेको पाइन्छ । वर्षौंदेखि स्वास्थ्यका लागि खेलकुद भनिए पनि नारामा मात्रै सीमित बनेको छ । राम्रो मार्गदर्शन गर्ने व्यक्तिको अभाव छ । पुराना खेलाडीले कोच गर्न सक्ने र तल्लो



हामीलाई स्वदेशमै बाँच्नसक्ने आधार राज्यले देखाइदिनु पर्दछ, यहाँ खेल खेलेर बाँच्ने आधार नहुँदा अधिकांश राम्रा खेलाडी विदेशिएको हामीले देखेका छौं, तीनलाई रोक्ने वातावरण राज्य तहबाट सिर्जना हुनुपर्छ उनले भने। आफू र आफ्नो जन्मभूमि रामपुरलाई राष्ट्रियस्तरमा चिनाउने सङ्कल्प बोकेर देशका विभिन्न स्थानमा खेल खेल्न पुग्ने उनी राज्यले खेलकुदमा कम बजेट विनियोजन गरेकाले अब वृद्धि गरेर पूर्वाधार र खेलाडीको सीप विकासमा जोड दिन अनुरोध गर्छन । विदेशमा खेलिने खेल र नेपालमा हुने खेलको स्तरमा फरक नभएको बताउनुहुने लम्साल सिङ्गल राउण्डको मात्रै खेल नेपालमा सञ्चालन हुने गरेको बताउछन । अब त्यसलाई डबल राउण्डमा खेलाउनुपर्ने उनको माग छ । पोखराका २७ वर्षीय अजित गुरुङ चार वर्षदेखि लगातार रुपमा 'ए' डिभिजन लिग फुटबल खेलिराखेका छन । यस क्षेत्रमा सुनौलो भविष्य बनाउने सपना बोकेका उनी निकै सङ्घर्षले अहिले राष्ट्रियस्तरका खेलमा सहभागी हुने वातावरण आफूले बनाएको बताउछन । लिगअन्तर्गत खेलाइने खेल छोटो अवधिको हुने हुँदा यस खेललाई अब बाह्रैमहिना खेल्ने वातावरण बनाइएमा छोटो समयमा धेरै खेलाडी जन्मने बताउछन । सानै उमेरदेखि नै यस खेलमा रुचि राख्ने उहाँ स्थानीयस्तरमा हुने फुटबल खेलमा प्रतिस्पर्धा गर्दै जाँदा नबनेको उनले बताए । उनी 'ए' डिभिजन लिग खेल्न थालेको दुई सिजन भयो । नेपालको पूर्वदेखि पश्चिम सबै क्षेत्रमा पुगेर खेलेको धेरै अनुभव बटुलेका छन । सानैदेखि नै फुटबलमा देखेको सपनालाई यसमै भविष्य बनाउने सोच लिएर अगाडि बढेको बताउछन। राष्ट्रियस्तरमा मात्र नभइ अन्तर ाष्ट्रियस्तरमा नाम चिनाउने उनको रहर छ ।स्थानीयस्तरका क्लबले आयोजना गर्ने खेलबाट खेलाडीले खेल्ने र सिक्ने अवसर पाएका छन् । राष्ट्रिय रुपमा प्रतिस्पर्धा कम हुने हुँदा खेलमा भविष्य बोकेका युवा अन्योलमा परेका छन्। उदाउँदो खेलाडीका रुपमा जोस, जाँगरका साथ यस क्षेत्रमा निस्केका खेलाडी वातावरण र पूर्वाधार विकास अभावमा नचाहेर पनि छाड्नुपर्ने स्थिति छ । करिब तीन दशकदेखि खेलकुद क्षेत्रमा अनुभव बटुल्नुभएका राष्ट्रिय फुटबल रेफ्री बुटवलका विष्णुप्रसाद पौडेल अहिले पनि चन्दा उठाएर खेल आयोजना गर्नुपर्ने बाध्यता रहेको बताउछन । खेल क्षेत्रमा राज्यको लगानी न्यून रहेको छ, कल्भर्ट, साना सडक बनाउन राज्यबाट करोडौं रकम खर्चिएको हुन्छ तर खेलकुद क्षेत्रमा राम्रोसँग ध्यान दिइँदैन, खेल क्षेत्रमा राज्य उदासिन छ, स्थानीय निकायले खेलमा बजेट विनियोजन गर्न पहल गरेको देखिँदैन पौडेलले भने । सिर्जनशील कप २०७९ को सन्दर्भमा पाल्पा जिल्ला फुटबल सङ्घमार्फत पहिलो पटक रामपुरमा आएका उनी यो क्षेत्र खेलकुदमा धेरै तहबाट आएका खेलाडीले विभिन्न क्लबमा आवद्ध भएर मासिकरुपमा रु ५० देखि ६० हजारसम्म कमाउन सक्ने आधार खेलकुदमा रहेको संलग्न खेलाडी तथा प्रशिक्षक बताउँछन् । यसमा स्थानीय निकायले चासो दिएर काम गर्नुपर्ने हुन्छ । राष्ट्रियस्तरमा हुने खेलको समय छोटो हुँदा यस क्षेत्रलाई छाडेर अन्यत्र जानुपर्ने बाध्यता पनि छ। कम्तीमा पनि छ देखि आठ महिनासम्म लिग खेल्ने अवसर सिर्जना भएमा खेल क्षेत्रले धेरै फड्को मार्ने खेलाडी बताउँछन् ।

खेलमै केही गर्छु भन्नेका लागि अहिले नेपालमा हुने गरेका खेलमा प्रतिस्पर्धा गर्ने समय अति कम रहेकाले यस क्षेत्रबाट खेलाडी अन्यत्र पलाउन हुनुपर्ने बाध्यता बनेको छ । स्थानीय तहबाट नै खेललाई प्राथमिकता दिएर पूर्वाधार विकास, हरेक पालिकामा एउटा एकेडेमी स्थापना, खेलाडीलाई प्रशिक्षण, छात्रवास तथा कोचजस्ता कुराको व्यवस्था गर्नु जरुरी छ। स्थानीयस्तरबाट नै राष्ट्रियस्तरसम्म खेल्न सक्ने सक्षम र योग्य खेलाडी थुप्रै जन्मनेछन् । स्थानीय सरकारले पनि खेलकुदमा ध्यान दिएर काम गरेमा राम्रो खेलाडी उत्पादन हुने र स्वदेशमै यसै क्षेत्रमा खेलाडी रमाउनसक्ने वातावरण बन्नेछ । गाउँघरमा विभिन्न खालका खेल बेला बेलामा भइरहेमा 'ए' डिभिजन, 'बी' डिभिजन र 'सि' डिभिजन खेल खेल्न पाउने अवसर मिल्नेछ । रासस

# दक्षिण कोरियामा कोरोना संक्रमित बढे



सोल, २७ मङ्सिर

दक्षिण कोरियामा २४ घण्टा अघिको तुलनामा सोमबार मध्यरातसम्म ८६ हजार आठ सय ५२ नयाँ कोभिड-१९ मा सङ्क्रमण देखिएको छ । यसैसँग सङ्क्रमितको कुल सङ्ख्या दुई करोड ७८ लाख ४१ हजार एक पुगेको स्वास्थ्य अधिकारीले मङ्गलबार जानकारी दिएका छन् । जाडोमा पुनरुत्थानको बारेमा बढ्दो चिन्ताको बीचमा सेप्टेम्बर १४ यता ९० दिनमा यो उच्चतम दैनिक केस देखा परेको थियो । कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सी (केडिसिए) का अनुसार अघिल्लो दिनको २२ हजार ६६७ बाट तीव्ररूपमा बढेको थियो र एक हप्ताअघि ७७ हजार ५९० भन्दाबढी थियो ।गत हप्ताको लागि, नयाँ केसको दैनिक औसत सङ्ख्या ६१ हजार ७५० थियो । नयाँ केसमध्ये, ५५ विदेशबाट आयातित गरिएको थियो ।गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा १८ कम भएर ४६० पुगेको छ । थप २९ जनाको मृत्यु भएको पुष्टि भएको छ । यसैसँगै कोरोनाको कारण मृत्यु हुनेको सङ्ख्या ३१ हजार १२८ पुगेको छ । (रासस/सिन्ह्वा)

# "चीन-भारत सीमाको स्थिति सामान्य छ"

बेइजिङ, २७ मङ्सिर



गत शुक्रबार चीन र भारतको सीमाक्षेत्र तवाङ र याङ्त्सेमा दुवै देशका सैनिकबीच झडप भएको स्वीकार गर्दै चीनले अहिले उक्त क्षेत्रको स्थिति सामान्य रहेको बताएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले मंगलवार यहाँ भएको नियमित पत्रकार सम्मेलनमा भारतसँगको झडपपछि सीमाको अहिलेको स्थिति सामान्य र स्थिर रहेको बताएका रोयटर्सले जनाएको छ । चिनियाँ जनमुक्ति सेना (पीएलए)वास्तविक नियन्त्रण रेखा (एलएसी) पार गरेर भारतीय भूमिमा आएपछि दुवै सेनाबीच झडप भएको र हताहती नभए पनि दुवै पक्षका केही कर्मचारीलाई सामान्य चोट लागेको थियो । यसैबीच, लोकसभामा बोल्दै रक्षामन्त्री राजनाथ सिंहले अरुणाचल प्रदेशको तवाङ क्षेत्रमा पीएलएबाट अतिक्रमणको प्रयास भएको र त्यसलाई भारतीय सेनाले बहादुरीका साथ विफल तुल्याएको बताए । साथै उनले उक्त मुद्दा कूटनीतिक माध्यमबाट चीनसँग उठाइएको जानकारी दिए । भारत र चीनका सेनाबीच भएको झडपलाई लिएर संसद्मा मंगलवार विपक्षी सांसदहरुले हङ्गामा गरेका थिए । रक्षामन्त्रीको सम्बोधन लगत्तै विपक्षी नेता सरकारको विरोध गर्दै लोकसभाबाट बाहिरिएका थिए । (रासस/एएनआई)

# काबुलको होटलमा आक्रमण गर्ने तीन आक्रमणकारी मारिए

काबुल, २७ मङ्सिर

अफगानिस्तानको राजधानी काबुलमा अवस्थित एक चर्चित होटलमा आक्रमण गर्ने तीन आक्रमणकारीको प्रहरी कारबाहीमा ज्यान गएको बताइएको छ ।



तालिबान सुरक्षा अधिकारीले दिएको जानकारीअनुसार सो होटलमा सोमबार अज्ञात बन्दुकधारीले आक्रमण गरेका थिए । कैयौं घन्टाको उद्धार कार्यपछि त्यहाँबाट विदेशी पाहुनालाई सकुशल उद्धार गरिएको छ ।

त्यस होटलमा सोमबार अज्ञात बन्दुकधारीले हमला गरेका थिए र त्यसपछि त्यहाँ प्रहरी पुगेर उद्धारको काम सुरु गरेको थियो ।

काबुलको लोङ्गान होटेलमा सोमबार अपराह्न आक्रमण भएपछि तालिवान सुरक्षा बल घटनास्थलमा पुगेको र होटललाई सिल गरेर उद्धारको काम थालेको थियो ।प्रहरीले सोमबार राति दिएको जानकारीमा सो होटल आक्रमणको निसानामा परेको थाहा भएपछि तालिबान सुरक्षाकर्मी त्यहाँ पुगेर विदेशी तथा स्वदेशी पाहुनाको उद्धारको काम थालेका थिए ।

त्यस क्रममा आक्रमणमा संलग्न रहेका तीन जना अक्रमणकारी मारिएका र अरु केही घाइते भएका छन् ।

तर होटलमा रहेका पाहुनाको भने सकुशल उद्धार गरिएको बताइएको छ ।यहाँको तालिबान सरकार गत वर्षको अगष्टमा सत्तामा आएयता तालिबानले सुरक्षामा सुधार गरेको दाबी गरेका थिए ।

तर अहिले पछिल्लो समयमा भने यहाँका कैयाँ स्थानमा बम विष्फोट र आक्रमण भएको इस्लामिक स्टेट समूहको स्थानीय च्याप्टरले दाबी गरेको छ ।सो होटलमा प्रायः चिनियाँ पाहुनाहरु रहेको अनुमान गरिएको छ ।

अफगानिस्तानमा रहेको चिनियाँ दूतावासले सोमबार नै एक विज्ञप्ति प्रकाशन गरेर सो हमालाको बारेमा अनुसन्धान हुनुपर्ने जनाएको छ । (रासस/सिन्ह्वा)

# सन् २०४१ सम्म स्मार्ट बंगलादेश बनाउने योजना सार्वजनिक



ढाका, २७ मङ्सिर

बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाले सन् २०४१ सम्ममा स्मार्ट बङ्गलादेश निर्माण गर्ने योजना सार्वजनिक गरेका छन । प्रधानमन्त्री हसिनाले बङ्गलादेशले आगामी सन् २०४१ सम्ममा बङ्गालादेशलाई एक विकसित बङ्गलादेश बनाउने बताए । सोमबार यससम्बन्धी कार्ययोजना सार्वजनिक गर्दै प्रधानमन्त्री हसिनाले भने - हामीले सन् २०४१ सम्ममा हाम्रो बङ्गलादेशलाई विकसित बनाउने छौं र बंगलादेश स्मार्ट बंगलादेश हुनेछ, बङ्गलादेशको एक समाचार समिति, युएनबीलाई उद्धृत गर्दै चिनियाँ समाचार समितिले जनाएको छ ।

बङ्गलादेशको राजधानी ढाकामा सोमबार आयोजना गरिएको 'डिजीटल बंगलादेश दिवस २०२२' समारोहलाई सम्बोधन गर्ने क्रममा उनले सो कुरा बताए । त्यस अवसरमा उनले स्मार्ट बङ्गलादेश निर्माणका लागि स्मार्ट नागरिक, स्मार्ट अर्थतन्त्र, स्मार्ट सरकार र स्मार्ट समाज पनि आवश्यक रहेकोमा जोड दिदै यी कार्यहरु सुरु गर्ने बताए । उनले हरेक नागरिकले कुनै न कुनै सिप सिक्नुपर्ने र दक्ष बन्नुपर्ने भन्दै यहाँका हरेक नागरिकले प्रविधिको प्रयोग गर्नुपर्नेमा जोड दिए । उनले सूचनामा आधारित समाजको निर्माणमा जोड दिंदै यहाँका अर्थतन्त्र पनि सूचना प्रविधिमा आधारित रहेर विकास गरिने बताए । (रासस/सिन्ह्वा)

# औद्योगिक र सीमा सुरक्षालाई प्रभावकारी बनाउन माग




मधेशदृष्टि
वीरगंज, मंसिर २७

बीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष डा.सुवोध गुप्ताले वीरगंज तथा वारा, पर्सा क्षेत्रमा शान्ति सुव्यवस्थालाई थप प्रभावकारी बनाउँदै सिमा सुरक्षा सम्बन्धी बैठक नियमित रुपमा हुनुपर्ने कुरामा जोड दिएका छन् ।

वीरगंज उद्योग वाणिज्य संघको आयोजनामा मंगलबार वीरगंजमा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालसहित प्रहरीका वरिष्ठ अधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया गर्दै संघका अध्यक्ष गुप्ताले औद्योगिक सुरक्षा बलको पुनर्स्थापना हुनुपर्ने, वीरगञ्जमा बस्ने बाहिरी व्यक्तिहरुको विवरण संकलन गरी डाटाबेस तयार गर्नुपर्ने, वीरगञ्जमा सञ्चालित सिसिटिभी परियोजनाको लागि बजेट विनियोजन गर्नुपर्ने, नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच कार्य सम्पादनमा समन्वय हुनुपर्ने लगायतका विषयमा सुरक्षा प्रमुखहरुको ध्यानाकर्षण गराए ।

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह र सशस्त्र प्रहरी महानिरिक्षक राजु अर्यालले वीरगंज उद्योग वाणिज्य संघद्वारा उठाइएका विषयवस्तुहरुलाई आफूहरुले गम्भीरतापूर्वक लिएको जानकारी दिए ।

वीरगञ्ज आर्थिक र व्यापारिक नगरी भएकोले यसको गम्भीरतालाई मध्यनजर गर्दै सोही अनुरुपको सुरक्षा व्यवस्था मिलाउन दुवै प्रहरी सङ्गठन प्रतिबद्ध रहेको बताउँदै व्यवहारिक कठिनाईहरुलाई निरुपण गर्न आ-आफ्ना मातहतका अधिकृतहरुलाई निर्देशन दिई सकेको उनीहरुले बताए ।

कार्यक्रममा वीउवासङ्घका पूर्व ध्यक्ष प्रदीप केडिया, निवर्तमान अध्यक्ष गोपाल केडिया, का.स.स. हरि पन्तले सिसिटिभी परियोजनाको विस्तार र पर्यटन प्रहरीका लागि आवश्यक सवारी साधन उपलब्ध गराउनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा प्रहरी नायव महानिरीक्षक मसाऊद आलम खाँ, सशस्त्र प्रहरी नायव महानिरीक्षक गणेश ठाडा मगर, प्रहरी वरिष्ठ उपरीक्षक दान बहादुर कार्की, पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेत, बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटी, ट्राफिक प्रहरी उपरीक्षक नान्ति राज गुरुङ्ग, प्रहरी अधिकृतहरु, महासचिव मनोजकुमार दास, सचिव आशीष लाठ, सह-कोषाध्यक्ष प्रेमचन्द्र गोयल लगायत उद्योगी, व्यवसायीहरुको वृहत उपस्थिति रहेको थियो ।

### सिर्सिया नदी प्रदुषण

# उद्योगहरुको अनुगमन शुरु



मधेशदृष्टि
वीरगंज, मंसिर २७

बीरगंजको सभ्यता र संस्कृतिसँग जोडिएको सिर्सिया नदी प्रदुषण नियन्त्रण गर्न नदी क्षेत्रमा रहेका उद्योगहरुको अनुगमन सुरु भएको छ । नदी आसपास रहेका वीरगञ्जका उद्योगहरुका कारण सिर्सिया फोहोर भएकाले प्रदुषण नियन्त्रणका लागि अनुगमन सुरु गरिएको वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले बताए ।

सिर्सिया नदी प्रदुषण नियन्त्रण अभियानद्वारा मंगलबार वीरगञ्ज महानगरपालिका वडा नम्वर २१ सिर्सिया आसपास रहेका ४ वटा उद्योगको अनुगमन गरिएको छ । अनुगमनका क्रममा ती उद्योगहरुले त्यहाँबाट निस्कने फोहोर पानी सोझै नदीमा मिसाउने गरेको भेटिएको अनुगमनमा खटिएका जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलले जानकारी दिए । टोलीले श्री निधी टेक्सटायल्स प्रा.लि., ब्रिटानीय नेपाल प्रा, लि, शक्ति दाल मिल र शक्ति वायरको अनुगमन गरेको थियो । अनुगमनका क्रममा निधी टेक्सटायल्सले उद्योगबाट निस्केको फोहोर पानी सोझै नदीमा मिसाइदिने गरेको पाइएको छ । यस्तै विस्कुट उत्पादन गर्ने ब्रिटानीयाले ट्रिटमेण्ट प्लाण्ट हुँदाहुँदै पनि पानी प्रशोधन नगरी फोहोर पानी सोझै नदीमा मिसाइदिने गरेको भेटिएको छ ।

शक्ति वायर उद्योगले पनि उद्योगबाट निस्केको पानी जम्मा गर्न पोखरी बनाएको भए पनि प्रभावकारी नहुँदा फोहोर पानी नदीमा नै मिसिन पुगेको भेटिएको सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलले बताए । नदीलाई दुर्गन्धित बनाउने गरी लेदोसहितको फोहोर पानी फाल्ने उद्योगलाई आज पहिलो पटक चेतावनी दिइएको र आउँदा दिनमा यस्तो कार्य दोहोरिए सोझै कारवाही गरिने अनुगमनमा गएका बीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले जानकारी दिए । सिर्सिया नदी सफा बनाउने अभियनमा उद्योगीले आफ्ना उद्योगमा ट्रिटमेण्ट प्लाण्ट राखेर सहयोग गर्नु पर्नेमा जिम्मेवारीबाट पन्छिँदै आफ्नो स्वार्थ मात्रै नहेर्न आलमले उद्योगीहरुलाई आग्रह गरेका छन् ।

महानगरपालिकाका उपप्रमुख आलमको नेतृत्वमा गएको टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी पौडेल, महानगरको वातावरण शाखाका देवेन्द्र चौधरी, नेपाल प्रहरी लगायतको सहभागिता रहेको थियो ।

### हचुवाको भरमा कृषि विश्वविद्यालय

# बिना अध्यापन बित्यो एक वर्ष




मधेशदृष्टि
सप्तरी, मंसिर २७

मधेस प्रदेश सरकारले स्थापना गरेको मधेस कृषि विश्वविद्यालयले अध्यापन गराए बिना नै एक वर्ष पुरा गरेको छ । गत वर्ष मंसिर २७ गते मधेस सरकारले अध्यादेश मार्फत स्थापना गरेको कृषि विश्वविद्यालयले एक वर्षमा पठनपाठनको त कुरै छाडौ पाठ्यक्रम समेत तयार पार्न सकेको छैन । स्थापना भएदेखि उपकुलपति सहित एक कार्यालय सहयोगिको भरमा विश्वविद्यालय संचालन हुँदै आएको छ । स्थापना भएर कुनै काम हुन नसकेपछि स्थानीयबाट विरोध हुन थालेपछि कक्षा कोठा र प्राध्यापक सहितका बिना कुनै तयारी पछिल्लो पटक चुनावको मुखमा विश्वविद्यालयमा विद्यार्थी भर्ना आवेदन खुल्ला गर्यो । तर अहिलेसम्म पठनपाठनका लागि प्राध्यापक नियुक्त गरिएको छैन । विश्वविद्यालयमा रेक्टर (शिक्षाध्यक्ष) को पद रिक्त छ । विश्वविद्यालयका लागि आवश्यक पर्ने कुनै कर्मचारी छैनन् । तर, विद्यार्थी भर्नाका लागि भने सूचना निकालिएको छ ।सूचनामा कात्तिक २९ गतेदेखि मंसिर २८ गतेसम्म अनलाइन माध्यमबाट विद्यार्थी भर्ना लिने भनिएको छ । माघ पहिलो सातादेखि शैक्षिक सत्र सुरु गर्ने भनिएपनि विश्वविद्यालय समेत आफ्नो भवन नरहेको अवस्थामा चुनावको मुखमै विद्यार्थी भर्नाका लागि आह्वान गरेर मधेस सरकारले भ्रमपूर्ण प्रचारबाजी गर्न खोजेको आरोप लाग्दै आएको छ। सो विश्वविद्यालय स्थानीय एक विद्यालयमा तीन वटा कोठा भाडामा लिई संचालनमा रहेको छ ।

# पठनपाठन अवरुद्ध भएपछि विद्यार्थीहरु उत्रे प्रदर्शनमा

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २७

पठन पाठन सुचारुको माग गर्दै धनुषाको नगराईन नगरपालिका स्थित विद्यार्थीहरु सडक प्रदर्शनमा उत्रेका छन् ।



मंगलवार नगरपालिका स्थित राजेश्वर निधि माध्यमिक विद्यालयका विद्यार्थीहरूले हप्तौदेखि अवरुद्ध पठन पाठन सुचारु हुनुपर्ने माग गर्दै जनकपुर जटही सडक खण्ड अवरोध गरेर प्रदर्शन गरेका छन । नगरपालिकाको आन्तरिक विवादका कारणले शिक्षकहरूलाई चालु आर्थिक वर्ष २०७९/०८० श्रावण महिनादेखि नै नदिएपछि ती शिक्षकहरु पठन पाठन अवरुद्ध गरी १५ दिनदेखि नगरपालिका कार्यालय अगाडि धर्नामा बसेका छन । शिक्षकहरु नै धर्नामा बसेपछि राजेश्वर निधि माध्यमिक विद्यालय मात्र होइन नगरभित्रका करीब आधा दर्जन विद्यालयको पठन पाठन अवरुद्ध रहेको छ ।

कक्षा १ देखि १२ सम्म सञ्चालन रहेको राजेश्वर निधि माविका विद्यार्थीहरूले शिक्षकहरुलाई तलबको व्यवस्था गरी यथाशिघ्र पठनपाठन संचालनको वातावरण निर्माण गर्नुपर्ने माग गर्दै नगरप्रमुख विनय यादव र उपप्रमुख राधादेवी यादव विरुद्ध नाराबाजी समेत गरेका छन । मंगलवारदेखि हुने भनिएको अर्धवार्षिक परीक्षाको कार्यक्रम विद्यालय बन्द भएको कारण अवरुद्ध भएपछि विद्यार्थीहरू झन आक्रोशित भई उपप्रमुख विरुद्ध प्रदर्शन सहित तोडफोडमा समेत उत्रेका छन । ती विद्यार्थीहरुले नगरपालिकाको बजेट पास नहुनुमा उपप्रमुख नै दोषी रहेको भन्दै उनी विरुद्ध नाराबाजी गर्दै उनको घरमा गई केही कुर्सीहरु समेत तोडफोड गरेका छन । सो विद्यालयमा अध्ययनरत एक विद्यार्थीले भने नगरपालिकाले शिक्षकहरुलाई बजेट पास हुन नसकेको कारण तलब खुवाउन नसक्दा शिक्षकहरु विद्यालय बन्द गरी आन्दोलनमा उत्रेका कारण आफूहरुको पठनपाठन अवरुद्ध भएपछि प्रदर्शनमा उत्रिनु परेको बताए । उनले आफूहरुको माग पुरा नभए थप कडा संघर्षमा जाने चेतावनी समेत दिएका छन ।

कार्यकापालिका बोर्डमा बहुमत आभावमा असार महिनामै पारित हुनुपर्ने बजेट ५ महिना बित्न लाग्दा पनि पारित हुन सकेको छैन । नगरप्रमुख र उपप्रमुखको आन्तरिक विवादका कारण बहुमत पुगिरहेको छैन । कार्यपालिका बोर्डमा नगर प्रमुख यादवसँग आफू सहित एक वडाअध्यक्ष गरी दुई मत मात्रै छन भने उपप्रमुखसँग ८ वटा मत र एउटा लोसपाको रहेको छ । उपप्रमुखसँग बहुमत भएपनि नगरप्रमुख प्रमुखको हस्ताक्षर अनिवार्य चाहिने प्रावधानले गर्दा पारित हुन नसकेको हो । बजेट पारित हुन नसक्दा नगरपालिका अन्तर्गत कार्यरत शिक्षक तथा अन्य कर्मचारीहरुको तलब भत्ता ५ महिनादेखि बाँकी रहेको छ । तलब भत्ता बांकी सँगै नगरको विकास निर्माण र कार्य सञ्चालनका कार्यहरु समेत महिनौदेखि अवरुद्ध रहेको छ ।

### किशोरी सशक्तिकरण परियोजना

# स्वामित्व स्थानियतहले लिनु पर्छ

मधेशदृष्टि
वीरगन्ज, मंसिर २७ ।

किशोरी सशक्तिकरण परियोजनालाई अब स्थानीय तहले स्वामित्व लिएर कार्यान्वयन गर्नुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । भिएसओ नेपालको सहयोगमा दिव्य युवा क्लबले सञ्चालन गरेको 'किशोरी सशक्तिकरणका लागि शिक्षा' कार्यक्रमको जिल्ला परियोजना सल्लाहाकार समितिको समिक्षा एवं समापन चरण कार्यक्रममा बोल्ने सरोकारवाला व्यक्तिहरुले यस्तो बताएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षा विकास तथा समन्वय इकाई कार्यालय पर्साका प्रमुख फत्त बहादुर श्रेष्ठले सरकारले बनाएको नीति अनुसार नै गैर सरकारी संस्थाहरुले गरेको कार्यक्रमहरु उपलब्धीपूर्ण भएको बताए । उनले यसलाई निरन्तरता दिनका लागि आवश्यक पहल र सहयोग गर्ने बताए ।

वीरगन्ज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले दिव्य युवा क्लबले सञ्चालन गरेको किशोरी सशक्तिकरणका लागि शिक्षा कार्यक्रमले सरकारको शिक्षा नीतिमा महत्वपूर्ण भूमिका खेलेको र यस्ता संस्थाहरुको तीनवटै तहको सरकारलाई सहयोग आवश्यक रहेको बताएका छन् ।

परियोजना संयोजक गणेश ठकुरीले परियोजनाले हाससम्म सम्पन्न गरेको कार्यक्रम र त्यसबाट प्राप्त उपलब्धीहरुको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । दृष्टिविहिन विद्यार्थी शिवचरण चौधरीले कार्यक्रम मार्फत आफूले धेरै कुरा सिक्न पाएको बताए ।

बृहत निःशुल्क स्वास्थ्य शिविर
(विशेषज्ञ डाक्टरहरुद्वारा निःशुल्क उपचार)

डा. दिग्बिजय कु. ठाकुर
एम.बि.बि.एस. (नेपालगञ्ज मेडिकल कलेज, के.यू.)
एम.डि. (वीर हस्पिटल, काठमाण्डौ)
कन्सलटान्ट फिजिसियन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:10943

डा. अभय मण्डल
एम.बि.बि.एस.
एम.डि. (के.यु.) नेपाल
बाल रोग विशेषज्ञ
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:6200

डा. अनिल कुमार शाह
एम.बि.बि.एस. (के.यु.) नेपाल
एम.डि. (टि.यु.) नेपाल
नवजात शिशु तथा बालरोग विशेषज्ञ
N.M.C.No.:11493

डा. स्वाति ज्यसवाल
एम.बि.बि.एस., एम.डी. (पिजीआई, चंढीगढ)
Fellowship in infertility, New Delhi
स्त्री, प्रसुती तथा निःसन्तान रोग विशेषज्ञ
N.M.C.No.:14019

डा. बीरेन्द्र भगत
MBBBS (BPKIHS, Dharan)
MD (PGI, Chandigarh)
Fellowship gynecologist (NAMS, Bir Hospital)
स्त्री, प्रसुती तथा क्यान्सर रोग विशेषज्ञ
N.M.C.No.:16286

डा. राजेश कुमार साह
एम.बि.बि.एस. (के.यु.)
एम.एस. (टि.यु.) नेपाल
जेनरल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
मेडिकल अधिकृत
N.M.C.No.:11070

डा. पंकज प्रताप देव
MBBS, MD
(Gold Medalist)
Gynaecologist Associate Professor
N.M.C.No.:6218

डा. सज्जन कुमार शर्मा
एम.बि.बि.एस. (के.एम.सी., काठमाण्डौ)
एम.डी. (नोबेल हस्पिटल, बिराटनगर
स्त्री तथा प्रसुति रोग विशेषज्ञ
N.M.C.No.:13652

डा.कुण्दन मिश्र
बि.डि.एस. (पटना, भारत)
डेण्टल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:4467

मि.दिनेश साह
आँखा सम्बन्धी
O.A.B. Optm
NHPC No.:A-476 OPT

शिविरका प्रमुख विशेषताहरु:-
१. वरिष्ठ चिकित्सक डा. दिग्बिजय कुमार ठाकुर द्वारा दम, सुगर (डाइबिटिज), (प्रेसर, थाइरोइड) तथा छाती सम्बन्धी सम्पूर्ण समस्या, हृदय, मष्तिश्क (Brain), पेट सम्बन्धी सम्पूर्ण समस्या, जोर (गेठिया, बाथ) र नशा सम्बन्धी सम्पूर्ण उपचार ।
२. डा. राजेश साह द्वारा विभिन्न किसिमको शल्यक्रिया सेवा ।
३. डा. अभय मण्डल, डा. अनिल कुमार साह, द्वारा बालरोग उपचार सेवा ।
४. डा. स्वाति ज्यसवाल, डा. बीरेन्द्र भगत, डा.सज्जन कुमार शर्मा द्वारा प्रसुतीरोग सम्बन्धी सम्पूर्ण जाँच ।
५. डा. कुन्दन मिश्रा द्वारा दाँत तथा मुख रोग सम्बन्धी सम्पूर्ण उपचार सेवा ।
६. हार्ड तथा जोर्नी रोग सम्बन्धी सम्पूर्ण जाँचहरु । ७. आँखा सम्बन्धी सम्पूर्ण उपचार सेवा ।
८. ECG (मुटु रोगीको लागि), PFT (छाती रोगी, दम रोगीहरुको लागि), सुगर, पिसाब र बल्ड सम्बन्धी अन्य जाँचहरु । ९. निःशुल्क प्रयाप्त औषधी पनि वितरण गरिनेछ ।

सम्पर्क व्यक्ति
अशोक कुमार मण्डल Mob.:9866324295/9812053192
राम जिबन मण्डल Mob.:9864043939
सुरेन्द्र यादव Mob.:9800842888

मिति: २०७५ पुस १ र २ गते शुक्रवार र शनिवार
स्थान: कमला नगरपालिका वडा नं. १, टोल मंगराहा श्री जनता माध्यमिक विद्यालय मंगराहा ईश्वरवाडा

आयोजक
-मेदनता रिसर्च क्लिनिक प्रा.लि.
जनकपुरधाम, अस्पताल रोड
Mob.:9817810790 (Roshan)
-साना किसान सहकारी संस्था लि.
सहयोगी:- कमला युवा सञ्जाल
मिडिया पार्टनर :- मधेशदृष्टि राष्ट्रि दैनिक पत्रिका
जनकनन्दनी एफ.एम. ९५.५ मेगाहर्ज
डा. दिग्बिजय कु. ठाकुर

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल